'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २२९ ★ ने. सं. ११४६ गुँला गा, त्रयोदशी ★ बुधबार ★ २४ भदौ, २०८३ ★ September 9, 2026, Wednesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

# साक्षरता दिवसको अवसरमा कमलविनायक शिशुस्याहार केन्द्र उद्घाटन




भक्तपुर, २३ भदौ । अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने भक्तपुर नगरपालिका-१०, कमलविनायकस्थित शिशुस्याहार तथा बाल विकास केन्द्रको उद्घाटन भयो। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले एक कार्यक्रमबिच सो केन्द्रको उद्घाटन गर्नुभएको हो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले बालबालिकाको मनोविज्ञान र भावना बुझेर व्यवहार गर्नुपर्नेमा जोड दिनुभयो। शिशुस्याहार केन्द्र बालबालिकाको 'दरबार' जस्तै सुरक्षित, मायालु र बालमैत्री हुनुपर्ने उहाँको भनाइ थियो ।

उहाँले भन्नुभयो, "बालबालिकाको मनोविज्ञान बुझेर काम गर्नुपर्छ । उनीहरूको मनोभावना बुझ्नुपर्छ । सानै उमेरदेखि राम्रो शिक्षा र संस्कार दिनुपर्छ । अहिलेका बालबालिका निकै अगाडि छन् । उनीहरूलाई सानैदेखि नेपालभाषा पनि सिकाउनुपर्छ र नरम व्यवहार गर्नुपर्छ ।"

बालबालिकाको विकासमा अभिभावकको व्यवहारको महत्त्वपूर्ण भूमिका रहने उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले अभिभावकहरूलाई बालबालिकासँग कसरी व्यवहार गर्ने भन्ने विषयमा अभिभावक बैठक तथा अभिमुखीकरण आवश्यक रहेको बताउनुभयो ।

शिशुस्याहार केन्द्रमा कार्यरत शिक्षिका तथा आया दिदीहरू पनि बालमनोविज्ञान र बालविकाससम्बन्धी तालिम प्राप्त हुनुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाको योजनाअनुसार शिशुस्याहार केन्द्र निर्माण तथा सञ्चालनमा सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो ।

नगरपालिकाले घोषणापत्रमा उल्लेख गरेअनुसार प्रत्येक वडामा शिशुस्याहार केन्द्र सञ्चालन गर्ने उद्देश्य लिएको र हालसम्म ७ वटा शिशुस्याहार केन्द्र सञ्चालनमा रहेको उहाँले जानकारी दिनुभयो ।

महिलाहरूको श्रमलाई सदुपयोग गर्ने तथा बालबालिकाको हेरचाहका कारण महिलाहरूले रोजगारी छाड्नुपर्ने अवस्था नआओस् भन्ने उद्देश्यले शिशुस्याहार केन्द्र सञ्चालन गरिएको प्रमुख प्रजापतिले बताउनुभयो ।

हालसम्म सञ्चालनमा रहेका केन्द्रहरूमा ५ हजार ५ सय ५६ जना बालबालिका भर्ना भई सेवा लिइसकेको उहाँले जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षाको क्षेत्रमा थप काम गरिरहेको उल्लेख गर्दै प्रमुख प्रजापतिले नगरपालिकाले विश्वविद्यालय सञ्चालनका लागि पहल गरिरहेको बताउनुभयो ।

१०८ रोपनी जग्गामा ख्वप विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्य रहेको र नगरपालिकाले सञ्चालन गरेका संस्थाहरूलाई नमुना संस्थाका रूपमा विकास गर्न खोजिएको उहाँको भनाइ थियो ।

नगरपालिकाका उपप्रमुख रजनी जोशीले शिक्षाको माध्यमबाट समाजको जगलाई बलियो बनाउने काम भक्तपुर नगरपालिकाले गर्दै आएको बताउनुभयो ।

हरेक वडामा आधुनिक बाल विकास केन्द्र निर्माण गर्दै जाने लक्ष्य रहेको उल्लेख गर्दै उहाँले कमलविनायक शिशुस्याहार केन्द्रले बालबालिकाको प्रारम्भिक सिकाइलाई मजबुत बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

बाँकी पृष्ठ ८ मा

# नेपालमा भूप्रकोपका आयामहरूबारे कार्यक्रम

भक्तपुर, २३ भदौ । रसुवा-भोटेकोसी बाढीबारे प्रस्ट पार्ने ध्येयले 'मजदुर' दैनिकको आयोजना र ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको सहआयोजनामा कलेजको सभाहलमा 'नेपालमा भूप्रकोपका आयामहरू' विषयक जानकारीमूलक प्रस्तुति कार्यक्रम मङ्गलबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य योगेन्द्रमान बिजुक्छेँले जलवायु परिवर्तन र जलवायु न्यायसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धि र अभिसन्धिहरूबारे जानकारी दिँदै जलवायु परिवर्तन र विपद्का निम्ति बढी कार्बन निष्काशित गर्ने संरा अमेरिकालगायत पश्चिमा देशका शासकहरू आफ्नो उत्तरदायित्व पूरा गर्न तयार छैनन् भन्नुभयो ।

उहाँले नेपालजस्ता नगण्य कार्बन उत्सर्जन गर्ने विकासशील देशहरू जलवायु परिवर्तनका कारण उत्पन्न विपद्का सिकार भइरहेको बताउँदै तापमान वृद्धि र जलवायु परिवर्तनलाई ढिलो गर्न जनताले ठूला र बढी कार्बन उत्सर्जन गर्ने देशका शासकहरूमाथि दबाब सिर्जना गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा रसुवा बाढी र जलवायु परिवर्तन विषयक प्रस्तुतीकरण गर्दै ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवालले भदौ १० गतेको बाढी विशाल हिमचट्टान टुक्रेर बगेर भएको अध्ययनले पुष्टि भइसकेको र त्यस घटनामा वैश्विक तापमान वृद्धि कारक रहेको बताउनुभयो ।

वैश्विक तापमान वृद्धि र जलवायु परिवर्तनमा युद्धले पनि ठूलो योगदान गरिरहेको अध्ययनले पुष्टि गरेको बताउँदै अनावश्यक युद्ध हुन नदिनु र युद्धको विरोध गर्नु पनि जलवायु परिवर्तन ढिलो गर्नका निम्ति योगदान गर्नु हुन्छ भन्नुभयो ।

कार्यक्रममा भूगर्भविद् डा. सुवेगमान बिजुक्छेँले 'हिमाल र भूप्रकोप' विषयक प्रस्तुतीकरण राख्दै नेपालको भूबनोटका कारण नै भूकम्प, भूक्षय, हिमपहिरो, बाढी र पहिरो नियमित भइरहने हुनाले जनधनको क्षति कम गर्न तिनको सामना गर्ने तयारी समयमै गर्नु जरुरी छ भन्नुभयो ।

उहाँले गाउँबस्ती र सहर बसाउन त्यस स्थानको भूस्थिति र भूगर्भको अध्ययन जरुरी रहेको बताउँदै जथाभावी डोजर चलाउने, सडक खन्ने र सहरीकरण गर्ने गतिविधिले प्राकृतिक विपत्तिमा जनधनको ठूलो क्षति भइरहेको स्पष्ट पार्नुभयो ।

उहाँले नेपाल सरकारले हिमनदी र हिमतालहरूको अध्ययन र निगरानी गर्ने र विपद्को सूचना शीघ्रभन्दा शीघ्र दिने प्रणाली स्थापना र सञ्चालन नगरेमा बर्सेनिजसो विपद्का घटना र जनधनको क्षति भइरहनेतर्फ चिन्ता व्यक्त गर्नुभयो ।

बाँकी पृष्ठ ८ मा

# हैजा फैलिएको बेला गुणस्तरहीन खाद्यान्नले झन् स्वास्थ्यमा असर पर्ने

काठमाडौँ, २३ भदौ । बाढी पीडित स्थल या वरपरको बजार र बस्तीमा दुर्गन्ध सँगै हैजा फैलिरहेको बेला न्यून गुणस्तर या म्याद नाघेका खाद्यान्न वितरण भएमा पीडितहरूको स्वास्थ्यमा थप नकारात्मक असर पर्नेछ । गुणस्तरहीन, म्याद नाघेका या कमसल खाद्यान्न बिक्री वितरणमा रोक लगाउने सरकार या सरोकारवाला निकायले नै अखाद्य वस्तु वितरण गरेमा त्यो जनतामाथिको अर्को खेलबाड हुनेछ । खाद्यान्न वितरण गर्नुअघि प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग र खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण डिभिजन कार्यालयले त्यो खान उपयुक्त छ कि छैन भन्नेबारे परीक्षण गर्नुपर्छ । खाद्यान्न सहयोग गर्ने कुनै दाता, संस्था या व्यक्तिले पनि आफूले वितरण गर्ने खाद्यान्न गुणस्तरीय छ कि छैन, म्याद नाघेको हो कि होइन त्यो हेरेरमात्र वितरण गर्नुपर्छ । त्यसो गरिएन भने आफूले गरेको सहयोगबाट झन् आफ्नो संस्थामा नराम्रो असर पर्नेछ ।

खाद्यान्न वितरण गर्ने कति टोलीले सस्तोमा गुणस्तरहीन सामान किनेर महँगो मूल्य राखेर बिक्री वितरण गरी अनियमितता गरेको हुन्छ या पैसा कमाएको हुन्छ । त्यस्ता व्यक्तिले यस्तो सङ्कटलाई आम्दानी गर्ने आधार या अवसर बनाएको हुन्छ । भदौ २२ गते प्रकाशित 'गोरखापत्र' दैनिकमा 'राहत सामग्री नै म्याद गुज्रेका' शीर्षकको समाचार छापियो । समाचारमा भोटेकोसी बाढी पीडितका लागि वितरण गर्न पठाइन लागेका सामग्रीको न्यून गुणस्तर र म्याद नाघेको पाइएको स्रोतको दाबी छ । राहत वितरण गर्नुअघि सम्बन्धित निकायले परीक्षण गरेको हुँदा सो राहत वितरणमा रोक लगाइएको

बाँकी पृष्ठ २ मा

# वामपन्थीहरूको आन्दोलन भदौ २४ अझै स्मरणीय

जनमतसङ्ग्रहलाई स्वस्थ र निष्पक्ष बनाउन वामपन्थी शक्तिहरूले २०३६ भदौ २४ गते देशव्यापी आन्दोलन गर्ने घोषणा गरेका थिए । कुनै भेदभाव नगरी सबै प्रकारका राजबन्दीहरूलाई रिहा गराउने, निर्वासित भूमिगत सबै राजनीतिक नेता र कार्यकर्ताहरूको मुद्दा फिर्ता लिई र वारेन्ट रद्द गरी तिनीहरूलाई राजनीतिक गतिविधि गर्न पाउने, पञ्चायत व्यवस्थाका सबै निकाय र पञ्च सरकारको विघटन गरी अन्तरिम सरकार गठन गर्नुपर्ने, नागरिकको मौलिक हकमाथि बन्देज गरिने सबै कानुनहरू निलम्बित हुनुपर्ने र १८ वर्ष पुगेका समस्त नागरिकलाई मताधिकार हुनुपर्ने मागसहित सो आन्दोलन घोषणा गरिएको थियो । उक्त आन्दोलनको घोषणा तत्कालीन नेपाल मजदुर किसान सङ्गठनका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित), अखिल नेपाल किसान सङ्घका जयगोविन्द शाह, नेकपा चौथो महाधिवेशनका निर्मल लामा, नेकपा कोशी अञ्चलका भरतमोहन अधिकारी र कमलप्रसाद कोइराला र नेकपा वनारस गुटका चित्रबहादुर गुरुङ र साहना प्रधानको संयुक्त आह्वानमा भएको थियो । उक्त आन्दोलनलाई वामपन्थी एकताको रूपमा लिइएको थियो । त्यो आन्दोलन वामपन्थी एकताको रूपमा परिचित छ ।

भदौ २४ गतेको आन्दोलन जनमतसङ्ग्रहलाई स्वस्थ र निष्पक्षरूपले सफल बनाउने एक वामपन्थी शक्तिहरूको आन्दोलन हो । 'जनमतसङ्ग्रह' को निम्ति व्यापक जनतालाई सचेत पार्ने आन्दोलन थियो । राजनीतिक र मौलिक अधिकार प्राप्तिको लागि लडेको आन्दोलन थियो । यो आन्दोलन जनमतसङ्ग्रहबारे बहुदलको पक्षमा प्रचार गरेको आन्दोलन थियो । स-साना मतभेद, मनमुताव र तीतोपिरो थाती राखी भएको त्यो आन्दोलन नेपालमा २०१७ सालपछिको ठूलो आन्दोलन थियो । यसकारणले पनि उक्त आन्दोलनको ऐतिहासिक महत्त्व थियो । उक्त आन्दोलनलाई सफल पार्न नेपाल मजदुर किसान सङ्गठन केन्द्रीय समितिको नाउँमा २०३६ भदौ १८ गते 'प्रजातान्त्रिक आन्दोलनलाई सफल पारौँ' भन्दै एक अपिल प्रकाशित गरेको थियो । त्यसरी नै पाँच वामपन्थी शक्तिको पनि छुट्टै संयुक्त प्रेस वक्तव्य प्रकाशित भएको थियो । वामपन्थी एकता जिन्दावाद, जनसङ्घर्ष जिन्दावाद र देशभक्त र जनतान्त्रिक शक्ति एक होऔँ भन्ने नाराका साथ प्रकाशित सो वक्तव्यमा देशका विद्यार्थी, किसान तथा मजदुरहरूले जेलनेल, गोलीको वास्ता नगरी आन्दोलनको घोषणा गरेको कारण पञ्चायती सरकारले २०३७ साल जेठ १० गते जनमतसङ्ग्रह गर्ने घोषणा गरेको उल्लेख थियो ।

जनमतसङ्ग्रह जनताको राजनैतिक चेतना र प्रजातान्त्रिक पक्षको शक्ति नाप्ने एक ब्यारोमिटर हो । यो जनमतसङ्ग्रह निरङ्कुश पञ्चायती व्यवस्थाको निम्ति एक हाँक थियो । यसलाई त्याग्नु या बहिष्कार गर्नु राजनीतिक सङ्घर्षबाट भाग्नु हो । जनमतसङ्ग्रह निर्दलीय पञ्चायती व्यवस्था आवश्यक छ कि छैन भन्ने जाँच्ने एक माध्यम थियो । त्यसबेला

बाँकी पृष्ठ २ मा



**अरनिको राजमार्ग सडकमा कालोपत्र गरिँदै**
अरनिको राजमार्गअन्तर्गत विस्तार भइरहेको काभ्रेपलाञ्चोकको साँगा–धुलिखेल सडक खण्डको बनेपास्थित बजार क्षेत्रमा कालोपत्र गरिँदै । उक्त सडकखण्डअन्तर्गत पहिलो चरणमा करिब ७० प्रतिशत मुख्य सडक पक्की बनाइएको छ भने अन्य संरचनाको कामलाई तीव्रता दिइएको सूर्यविनायक–धुलिखेल सडक आयोजनाले जनाएको छ । *तस्बिरः राजकुमार पराजुली/रासस*

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- जेनजी प्रदर्शनको एक वर्षपछि भदौ २३ गते केही युवा बानेश्वर परिसरमा भेला भए । गतवर्ष भदौ २३ र २४ गतेको प्रदर्शनमा लागेका देशभक्त युवाहरूको माग विद्यालय शिक्षा निःशुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा निःशुल्क, देशभित्र रोजगारी, उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हो ।
- गत वर्ष भदौ २४ गते संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायत देशभरिकै सरकारी र निजी भवनहरू आगजनी गरियो । वास्तवमा भ्रष्टाचारीहरूको घर–जग्गा र अन्य सम्पत्ति जफत गरी सार्वजनिकीकरण गरिनुपर्थ्यो तर आगजनी गरियो ।
- गत वर्ष भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनमा देशभरिजस्तै तोडफोड र आगजनी भएपछि जेनजी आन्दोलनका कतिपय समर्थकहरूले सिंहदरबार जलेर केही हुन्न, हजार सिंहदरबार बनाउन सकिने दाबी गरेका थिए । भदौ २३ गते रातोपाटी अनलाइनमा जेनजी आन्दोलनमा छोरा गुमाएका रोशन गौतमले भने, "रास्वपा र यसका नेताहरूकै कारण आफ्ना छोराछोरीको ज्यान गएको हो ।" नेका, एमाले, तत्कालीन माओवादी नेताहरूले पनि प्रम र मन्त्री बन्न जनताका छोराछोरीलाई आन्दोलनमा बोलाई सहिद बनाएका थिए । गत वर्षको जेनजी आन्दोलनपछि रास्वपा पनि पुरानै शासक पार्टीहरूको पदचिह्नमा हिँडेको पुष्टि भयो ।
- एक वर्षअघि जेनजी प्रदर्शनमा देखिएकामध्ये जस्मिन ओझाले भनिन् – "प्रश्न सोध्न छाड्ने छैनौँ ।" रवि किरण हमालले भने, "न्याय अझै बाँकी छ ।" माजिद अन्सारीले भने, "एउटा माग पनि पूरा भएको छैन ।" तनुजा पाण्डेले भनिन्, "सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउने निर्णय संदिग्ध थियो ।" मिराज ढुङ्गानाले भने, "यो जेनजी सरकार होइन ।" रक्षा वमले भनिन्, "एक वर्षअघि राज्यले गोली दियो, अहिले मौनता ।"

प्रदर्शनमा लागेका देशभक्त युवा र सम्पूर्ण नेपाली जनताले बुझ्नुपर्ने विषय हो –देशभरिझैँ आगजनी गरेर मौलिक परिवर्तन आउने छैन । मौलिक परिवर्तनको लागि सारा जनताले मक्किएका शासक पार्टी र तिनका सरकारलाई फाल्नु जरुरी हुन्छ ।

# 'नटुवा' जातिलाई अल्पसङ्ख्यकको सूचीमा राख्न माग

कपिलवस्तु, २३ भदौ । नटुवा समुदायले नटुवा जातिलाई लोपोन्मुख जातिको सूचीमा समावेश गर्न माग गरेका छन् । कपिलवस्तुमा करिब तीन सय घरधुरी नटुवा समुदायको बसोबास छ ।

कृष्णनगर नगरपालिकाको बहादुरगञ्ज, शुद्धोधन गाउँपालिकाको प्रगतिनगर, मायादेवी गाउँपालिकाको अभिराव र यशोधरा गाउँपालिकाको वसन्तपुरलगायत क्षेत्रमा नटुवा समुदायको बसोबास छ । मायादेवी गाउँपालिका–२ अभिरावका नेतराम नटुवाले पटकपटक काठमाडौँ पुगेर सम्बन्धित निकायमा माग राखे पनि सुनुवाइ नभएको बताउनुभयो ।

"लोपोन्मुख जातिको सूचीमा राख्न माग गर्न थालेको तीन दशक बितिसक्यो तर राज्यले अझै हाम्रो माग सुनेको छैन," उहाँले भन्नुभयो । कपिलवस्तुको शुद्धोधन गाउँपालिका–१ प्रगतिनगरमा करिब १४ घरमा दुई सयभन्दा बढी नटुवा बसोबास गर्दै आएका छन् ।

सुकुमवासी बस्तीमा बस्दै आएका उनीहरूसँग नेपाली नागरिकताको प्रमाणपत्रबाहेक अन्य आधारभूत सुविधा तथा सम्पत्तिको अभाव रहेको बताइन्छ । शिक्षा, स्वास्थ्य, रोजगारी र स्थायी बसोबासको समस्यासँगै दैनिक गुजारा चलाउनसमेत कठिनाइ भइरहेको उनीहरू बताउँछन् ।

स्थानीय पण्डित नटुवाले प्रमुख जिल्ला अधिकारीमार्फत सम्बन्धित मन्त्रालयमा पटकपटक ज्ञापनपत्र बुझाए पनि हालसम्म कुनै उपलब्धि नभएको बताउनुभयो ।

"हामी पनि यही देशका नागरिक हौँ, नागरिकताबाहेक हामीसँग केही छैन," उहाँले भन्नुभयो । नेपाली नागरिक भए पनि आफूहरूलाई भारतीय नागरिक भनेर विभेद गर्ने गरेको गुनासो गर्नुभयो ।

परम्परागत रूपमा सर्प समात्ने तथा उद्धार गर्ने काममा संलग्न नटुवा समुदाय पछिल्लो समय जीविकोपार्जनका लागि भिक्षा मागेर खान थालेका छन् । शिक्षा, स्वास्थ्य र रोजगारीको अवसरबाट वञ्चित हुँदा समुदायको दैनिकी कष्टकर बन्दै गएको स्थानीयको भनाइ छ ।

नटुवा समुदायको परम्परागत सीपलाई व्यवसायीकरण गर्न कपिलवस्तुमा सर्प उद्धारसम्बन्धी सीप विकास तथा स्थानीय ब्याण्डबाजा बजाउने तालिम सञ्चालन गरिएको छ । **रासस**

*वामपन्थीहरूको...*

पञ्चायतीविरोधी शक्तिहरू सबै एक ठाउँमा उभेका भए पञ्चायती व्यवस्था २०३६ सालमै हट्थ्यो । त्यही वर्षमै देशमा बहुदलीय शासन आउँथ्यो । तर, त्यसबेला नेका र अन्य वाम घटकहरू पनि अलमलिए । फलतः बहुदलीय व्यवस्था स्थापना गर्न १० वर्ष पर्खनुपर्‍यो । वैचारिक र व्यवहारिक सङ्घर्षलाई 'धोखा' र 'नाटक' भनी कहिले बहिष्कार त कहिले समर्थन भनी द्वैधचरित्र पनि देखाइयो । नेपालको त्यो अवस्थामा जनमतसङ्ग्रहलाई बहिष्कार गर्नु उपयुक्त थिएन । यता नेमकिसङ्गठनले देशका मजदुर, किसान, युवक, विद्यार्थी, शिक्षक, बुद्धिजीवी, सिपाही, कर्मचारी, साहुमहाजन सबैलाई आ–आफ्नो मत बहुदलको पक्षमा उपयोग गर्न आग्रह गरेको थियो । यसरी नै पञ्चायतीविरोधी सबै दलहरू बहुदलको पक्षमा सक्रियतापूर्वक लागेका भए त्यसबेलै पञ्चायती व्यवस्था अन्त्य हुन्थ्यो । यसकारण, २०३६ साल भदौ २४ को दिनलाई ऐतिहासिक, राजनीतिक तथा वाम आन्दोलनको हैसियतले महत्त्वपूर्ण दिन मानिन्छ ।

भदौ २४ गतेको आन्दोलन सफल पार्न यसअघिका दिनहरूमा भक्तपुर, काठमाडौँ, ललितपुर, काभ्रेलगायतका स्थानमा पर्चा टाँसिएको थियो, पर्चा वितरण भएको थियो । भदौ २३ गते बनेपामा जनसभा भएको थियो । भदौ २४ गते बिहान भक्तपुरमा र दिउँसो काठमाडौँमा जुलुस तथा सभा भएको थियो । यसरी नै पोखरा, विराटनगर, जनकपुरमा जुलुस प्रदर्शनको साथै हड्ताल भएको थियो । आन्दोलन दबाउन देशका विभिन्न स्थानमा प्रहरी तैनाथ गरिए पनि आन्दोलन अघि बढाइएको थियो । एकै दिन भए पनि त्यो आन्दोलन वामपन्थीहरूको एक प्रकारको शक्ति प्रदर्शन थियो ।

वामपन्थी शक्तिहरूको त्यो आन्दोलन सिद्धान्त एक भएर भएको नभए पनि आन्दोलनबाट बहुदलको पक्षमा व्यापक प्रचार भयो । तर, नेपाली जनता बहुदलको पक्षमा कि निर्दलको पक्षमा छन् भने परीक्षण गर्न गरिएको जनमतसङ्ग्रहमा केही वाम शक्तिहरूले बहिष्कार गरेर पञ्चायतलाई सघाए । केही वाम शक्तिहरूले पहिले बहिष्कार गरे पनि पछि भाग लिए । बहुदल या निर्दल रोज्न जनमतसङ्ग्रह घोषणा गर्नेबित्तिकै देशका वामशक्ति र प्रजातान्त्रिक शक्तिहरू सक्रियतापूर्वक लागेका भए २०३७ मै निर्दलीय व्यवस्था अन्त्य हुन्थ्यो या बहुदलीय व्यवस्था स्थापना हुन्थ्यो । तर, वामपन्थी शक्तिहरूकै अदूरदर्शिताको कारण दस वर्ष पञ्चायती व्यवस्था कायम रहयो । उक्त व्यवस्था २०४६ मा भएको वाममोर्चा र नेकाको संयुक्त आन्दोलनले मात्रै फाल्यो । फागुन ७ देखि सुरू भएको सो आन्दोलन दुई महिना नपुग्दै उत्कर्षमा पुग्यो र चैत २६ गते राति बहुदलीय व्यवस्था स्थापना भयो । यसरी देशमा बहुदलीय व्यवस्था स्थापना हुनुमा वामपन्थी शक्तिहरूको महत्त्वपूर्ण योगदान रहेको छ ।

नेपालमा वामपन्थी आन्दोलन इतिहासदेखि नै बलियो सामाजिक आधार भएको आन्दोलन हो । त्यही आधारमा टेकेर २०६४ सालको संविधानसभा निर्वाचनमा वामपन्थी दाबी गर्ने दलहरूले संयुक्त रूपमा करिब ५० प्रतिशत मत प्राप्त गरेका थिए । २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा पनि त्यो मत झन्डै ४८ प्रतिशत थियो । संसदमा उनीहरूको उपस्थिति दुईतिहाइ नजिक पुग्यो । २०७९ सालको निर्वाचनमा पनि वामपन्थी भनिने दलहरूको मत हिस्सा करिब ४१.५ प्रतिशतकै हाराहारीमा थियो । यसको अर्थ पछिल्लो २०८२ को निर्वाचनमा भने वामपन्थीहरूलाई २१.५ प्रतिशत मात्र मत प्राप्त भयो । तर, यति बलियो जनाधार भएको आन्दोलन आज किन रक्षात्मक अवस्थामा पुगेको छ ? यसको उत्तर बाहिर होइन, वाम आन्दोलनकै नेतृत्वभित्र खोज्नुपर्छ ।

कति वामपन्थी भन्ने दलहरू नाम कम्युनिस्ट भए पनि व्यवहारले भएन । सरकारमा पुगेर कथित वामपन्थी पार्टीहरू पुँजीवादी सरकारहरूकै पदचिह्नमा हिँडे । पुँजीवादी पार्टीहरूको स्वार्थ पूरा गर्न लागे । यसले वर्गीय राजनीति कमजोर बनायो; सिद्धान्तलाई सत्ता समीकरणको भऱ्याङ बनायो । आन्तरिक लोकतन्त्रको ठाउँमा गुटबन्दी देखियो । आलोचनालाई आत्मसमीक्षाको अवसर होइन, दुश्मनीका रूपमा हेरियो । समाजवादको बहस गर्ने नेताहरू पुँजीपतिहरूको पृष्ठपोषणमा लागे ।

कम्युनिस्ट पार्टीभित्र नै कम्युनिस्ट संस्कृति हराउँदै गयो । कार्यकर्तालाई वैचारिक रूपमा प्रशिक्षित गर्ने परम्परा हरायो । त्यसको सट्टा टिकट, पद, मन्त्रालय र शक्ति बाँडफाँट नै राजनीतिको केन्द्र बन्यो । यही कारणले जनताले विकल्प खोजे । वामपन्थी पार्टीहरूप्रतिको विश्वास, जनमानसमा कमजोर देखियो । चुनाव हारेपछि मात्रै फेरि 'वाम एकता' को नारा उठाउनु कतिको सही हो ? वाम एकताको आधार चुनाव हार्ने डर होइन, दर्शन हुनुपर्छ । एकताको आधार सत्ता होइन, सिद्धान्तनिष्ठ कार्यक्रम हुनुपर्छ । एकताको आधार नेताको निम्ति पद र सुविधा होइन, जनताको हित र आवश्यकता हुनुपर्छ ।

वाम एकताको आधार चुनाव जित्नको निम्ति मात्र हुन्छ भने त्यो दलको आयु छोटै हुनेछ । उत्पीडित वर्गको मुक्ति, सामाजिक न्याय, राष्ट्रिय स्वाधीनता, उत्पादनमुखी अर्थतन्त्र र जनउत्तरदायी राज्य निर्माणको वाम एकताको आवश्यकता हुन्छ ।

*हैजा...*

हो । यसकारण, गुणस्तर परीक्षण टोली यस्तो सङ्कटको बेला झन् सतर्क हुनुपर्ने देखिन्छ । राम्रो र सेवा गर्न खोज्दा उल्टो नराम्रो र मर्का पर्ने हुन्छ ।

भारतबाट नेपालमा आयात हुने कति खाद्य तथा अन्य वस्तु गुणस्तर हीन, कमसल र म्याद नाघेको हुन्छ । कति कुहिएको र कीरा लागेको हुन्छ । कति ढुसी परेको हुन्छ । त्यस्तो वस्तु सेवन गर्दा त्यो कमजोर व्यक्तिको लागि विषसरह हुन्छ । यसले पेटमा गडबडी ल्याउँछ; झाडापखाला हुन्छ । हाल बाढी पीडित क्षेत्रका जनतामा हैजा फैलिएको कुरा जानकारीमा आएको छ । समयमै उपचार भएन त्यो प्रकोप या महामारीको रूपमा फैलिन सक्छ । अनि पीडित जनतामा भोक, शोकको मात्र होइन रोगको समस्या हुनेछ । यसरी समस्यामाथि समस्या, चुनौतीमाथि चुनौती थपेर मानिसको ज्यान गएको हुन्छ । पीडामाथि पीडा थपेर उनीहरूको जीवन कष्टकर हुनेछ । यस्तो विपत्तिको बेलामा सरकारले स्वास्थ्यमा असर पर्ने खाद्य सामग्री वितरणमा रोक लगाउनुपर्छ, रोक लगाउन सम्बन्धित निकायलाई खबरदारी गर्नुपर्छ ।

खाद्यान्न गुणस्तरीय हुनुपर्छ । त्यो समयमा पुग्नुपर्छ; सबैले पाउनुपर्छ । पीडितहरूलाई कुनै ढङ्गबाट चित्त दुखाउने काम गर्नु हुँदैन । थप पीडा दिने काम कुनै पनि तह या निकायले गर्नु उपयुक्त होइन । खाद्यान्न पीडित परिवारलाई मात्र होइन खाद्यान्न अभाव हुन नदिन पीडित क्षेत्रको बजार र बस्तीमा पुऱ्याउनुपर्छ । बाढी प्रभावित क्षेत्रमा कुनै पनि वस्तुको हाहाकार या अभाव हुन दिनु हुँदैन ।

भदौ २३ गते नेपाल समाचारपत्रमा 'राहतमा सरकार असफल !!' शीर्षकको समाचार छापियो । समाचारमा बाढी आएको १३ दिन बितिसक्दा पनि भोटेकोसी र त्रिशुली नदी आसपासका प्रभावित बस्तीमा खाद्यान्न, खानेपानी, औषधि तथा अत्यावश्यक सामग्रीको अभाव रहेको स्थानीयको गुनासो रहेको उल्लेख छ । देशका विभिन्न स्थानबाट राहत सामग्री सङ्कलन भइरहे पनि ती सामग्री बाढीपीडित स्थल र वरपरको बस्ती र बजारमा आधारभूत आवश्यकता आपूर्ति नभएको स्थानीयको गुनासो हो ।

आपत्को बेला यथासक्य चाँडो पीडित परिवार र पीडित स्थलमा खाद्यान्न पुऱ्याउनु राज्यको दायित्व हो । प्रधानमन्त्री कोषमा जम्मा भएको राहत या रकम जनताकै हो । जनताको कुनै सम्पत्ति सङ्घीय सरकारको होइन । खाद्यान्न र पैसा कलन केन्द्रले गरे पनि स्थानीय तहको समन्वयबिना राहत वितरण सम्भव हुँदैन । सम्भवै भए पनि निष्पक्ष हुने छैन, समान हुने छैन । स्थानीय जनताको समस्या जति स्थानीय तहका जनप्रतिनिधिलाई थाहा हुन्छ; प्रदेश र सङ्घीय सरकारलाई थाहा नहुने हुँदा विभेद हुने धेरै सम्भावना हुन्छ । सङ्कटको बेला आफ्नो र नाता हेर्ने होइन कसको कति पीडा या समस्या छ, त्यो बुझ्ने हो र बुझेर समस्याको विकास खोज्ने हो । यो बेला पीडित परिवार र बाढी प्रभावित क्षेत्रमा छिटोभन्दा छिटो राहत पुऱ्याउने हो; पुऱ्याउनुपर्छ ।

राज्यले हेर्न नसकेको एउटा अर्को पक्ष मूल्य नियन्त्रण गर्न नसक्नु पनि हो या महँगी पनि हो । त्यो महँगी या त धेरै माग हुने समय चाडपर्वमा हुन्छ या त यस्तै बाढी पीडितको बेला हुन्छ; भूकम्पको बेला हुन्छ । चाडबाड र विपत्को मौका छोपी केही व्यवसायीले आफूसँग रहेको सामानको मूल्य बढाएका हुन्छन् । हुन पनि अहिले चामल, चिनी, खाने तेल, फलफूल र ग्यासको मूल्य बढेको छ । सङ्कट, आपतविपत् र चाडबाडको बेला आधारभूत आवश्यकता झन् सर्वसुलभ र सस्तो हुनुपर्ने हो । तर, यही बेला अभाव हुन्छ; महँगो हुन्छ र कमसल सामानको बिक्री बढी हुन्छ । यसबारे सरकार जहिल्यै चनाखो र सचेत भई जनताको पीडा सम्बोधन गर्नेतर्फ लाग्नुपर्छ ।

# आँखा स्वास्थ्य सेवामा ऐतिहासिक उपलब्धि

काठमाडौँ, २३ भदौ । नेपाल नेत्रज्योति सङ्घले विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ), दक्षिण-पूर्वी एसिया क्षेत्रीय कार्यालयबाट 'डब्लुएचओ' 'दक्षिण पूर्वी एसिया क्षेत्रीय 'पब्लिक हेल्थ च्याम्पियन' अवार्ड २०२६' प्राप्त गरेको छ ।

दिली, तिमोर-लेस्तेमा मङ्गलबार आयोजित 'डब्लुएचओ' दक्षिण पूर्वी एसिया क्षेत्रीय कमिटीको ७९ औं बैठकमा सो विश्व प्रतिष्ठित सम्मान सङ्घलाई अर्पण गरिएको हो । 'डब्लुएचओ' का महानिर्देशक डा. टेड्रोस अधानोन ग्याब्रियससले सङ्घका अध्यक्ष प्राडा चेतराज पन्तलाई उक्त सम्मान अर्पण गर्नुभयो ।

नेपालमा रोकथाम गर्न सकिने अन्धोपन न्यूनीकरण तथा सर्वसुलभ, समतामूलक र विपन्न, पहुँचबाट बाहिर रहेका समुदाय केन्द्रित नेत्र स्वास्थ्य सेवाको विस्तारमा अतुलनीय योगदान पुऱ्याएबापत 'डब्लुएचओ' ले पहिलो पटक सङ्घलाई सो विधाको सम्मान अर्पण गरेको 'डब्लुएचओ' द्वारा यहाँ जारी विज्ञप्तिमा उल्लेख छ । विज्ञप्तिका अनुसार सार्वजनिक स्वास्थ्य विधामा नेपाल नेत्रज्यति सङ्घसहित थाइल्यान्डका डा. नित्ताया फानुफाक र भारतका डा. के सुरेशकुमारलाई पनि सम्मान प्रदान गरिएको छ ।

**अन्धोपन न्यूनीकरण गर्न निरन्तरता**

नेपाल नेत्रज्योति सङ्घले विगत करिब पाँच दशकदेखि नेपालमा रोकथाम गर्न सकिने अन्धोपन न्यूनीकरणका लागि निरन्तर कार्य गर्दै आएको छ । देशभर फैलिएको आँखा अस्पताल तथा आँखा उपचार केन्द्रको सञ्जाल, समुदायस्तरमा सञ्चालित आँखा उपचार तथा शल्यक्रिया शिविर, पहुँचभन्दा बाहिर रहेका समुदायसम्म आँखा स्वास्थ्य सेवा पुऱ्याउने कार्यक्रम तथा प्राथमिक स्वास्थ्य सेवासँग आँखा स्वास्थ्यलाई एकीकृत गर्ने प्रयासमार्फत सङ्घले मानिसको दृष्टि पुनःस्थापना गर्न योगदान पुऱ्याउँदै आएको छ ।

सङ्घका महासचिव भरतबहादुर चन्दका अनुसार सङ्घले हालसम्म पाँच करोड दुईलाख ४८९ जनालाई आँखा उपचार सेवा प्रदान गरिसकेको छ भने ५६ लाख ५९ हजार ६२४ जनाको आँखाको शल्यक्रिया समेत गरिसकेको छ । सङ्घको हाल २८ आँखा अस्पताल, ४४ जिल्ला शाखाका २२६ आँखा उपचार केन्द्रमार्फत नेपालीसहित अन्य विभिन्न विदेशी नागरिकलाई आँखा सेवा प्रदान गरिरहेको छ ।

सङ्घका कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्रले भन्नुभयो, "नेपाल नेत्रज्योति सङ्घले समुदायको सहभागिता, साझेदारी र स्थानीय आवश्यकतामा आधारित सेवामार्फत सबैका लागि गुणस्तरीय आँखा स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने उद्देश्यका साथ काम गर्दै आएको छ । सङ्घको देशव्यापी सेवा प्रणालीले विशेषगरी आर्थिक तथा भौगोलिक रूपमा पछाडि परेका समुदायलाई लक्षित गर्दै निःशुल्क तथा सहुलियतपूर्ण आँखा उपचार र शल्यक्रिया सेवाको पहुँच विस्तारलाई प्राथमिकताका साथ काम गरिरहेका छौँ ।"

'डब्लुएचओ' अनुसार नेपालमा अन्धोपनको अवस्था सन् १९८१ मा ०.८४ प्रतिशत रहेकामा सन् २०२०/२१ सम्ममा घटेर ०.२८ प्रतिशतमा पुगेको छ ।**रासस**

# सडक सञ्जालबाट विच्छेद उत्तरगयामा नेपाल रेडक्रसद्वारा खाद्य सामग्री सहयोग

काठमाडौँ, २३ भदौ । भोटेकोसी नदीमा गएको अकल्पनीय बाढीका कारण सडक सञ्जालबाट विच्छेद रहेको रसुवाको उत्तरगया गाउँपालिका-२ मा नेपाल रेडक्रस सोसाइटीले आवश्यक खाद्य सामग्री वितरण गरेको छ ।

नेपाल रेडक्रसले हेलिकप्टरमार्फत ती अत्यावश्यक सामग्री पुऱ्याएर ६० घरधुरीका स्थानीयवासीलाई वितरण गरेको हो । यही भदौ १० गते भोटेकोसी नदीमा गएको अकल्पनीय बाढीका कारण उत्तरगया-२ हालसम्म पनि सडक सञ्जालबाट विच्छेद छ । रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तराष्ट्रिय महासङ्घ (आइएफआरसी) को सहयोगमा ती घरधुरीलाई आवश्यक खाद्य समग्री वितरण गरिएको सोसाइटीले जनाएको छ । ती सामग्री नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष डा. विशालकुमार भण्डारी लगायत स्वयंसेवकले वितरण गर्नुभएको थियो ।

सोसाइटीले बाढीप्रभावित नुवाकोटको विदुर नगरपालिका स्वास्थ्य शाखाको समन्वयमा मङ्गलबारदेखि रेडक्रस आपत्कालीन स्वास्थ्य क्लिनिक सञ्चालनमा ल्याउँदै छ । नुवाकोट आदर्श बहुमुखी क्याम्पस बट्टार परिसरमा सञ्चालन हुने सो क्लिनिकमार्फत 'हेल्डिङ सेन्टर' मा रहेका बाढीप्रभावितलाई स्वास्थ्य सेवा प्रदान गरिने छ । **रासस**



**बाढीले प्रभावित देवीघाट बजार**

भोटेकोसी हुँदै त्रिशुली नदीमा आएको बाढीबाट प्रभावित विदुर नगरपालिका-५ स्थित देवीघाटको भित्री बजार । तादी खोलातर्फबाट त्रिशुली नदी पसेर यहाँको २०० भन्दा बढी घर क्षति एवं डुबानमा परेको छ भने पुरिएका घरमा बचेका सामग्री झिक्न सडकमा भरिएको लेदो र गेग्रानले कठिनाइ भएको छ ।

*तस्बिर: रामहरि न्यौपाने/रासस*

# जाने होइन त हेर्न जीवित सङ्ग्रहालय ?

भक्तपुर । इतिहास एवं संस्कृतिविद् प्राडा पुरुषोत्तमलोचन श्रेष्ठ भन्नुहुन्छ, भक्तपुर खुला आकाशमुनिको सङ्ग्रहालय हो । कसैले जीवित सङ्ग्रहालय भन्छन् भने कसैले जीवित किताब । इतिहासविद् जगदीशशमशेर राणा भक्तपुरलाई नाचगानको सहर भन्नुहुन्थ्यो ।

जसले जे भने पनि भक्तपुर कलाकार नै कलाकारको नगर हो । रात्रिकालीन जीवन्त सांस्कृतिक प्रदर्शनी गर्ने ठाउँ पनि हो । कतिलाई यो कुरा थाहा नहुन सक्छ तर भक्तपुरमा हरेक वर्ष गुन्हिपुन्ही (जनैपूर्णिमा) को आठ रात नौ दिन यो सबै विषयवस्तु हेर्न सकिन्छ, त्यो पनि विनाशुल्क । जनैपूर्णिमाको चौथो दिनदेखि भक्तपुर नगरमा बाटोबाटोमा प्रत्यक्ष सांस्कृतिक कार्यक्रम हुने गर्दछ । यसमा नाचअनुसार बाजगाजा, गायक, कलाकारले प्रत्यक्ष प्रस्तुति दिने गर्दछन् । यसलाई आधुनिक चलनचल्ती भाषामा 'लाइभ कन्सर्ट' पनि भन्न सकिन्छ ।

भक्तपुरमा साँझ टोलटोलमा विभिन्न खालका नाचहरू हुन्छन् । फाकंदली प्याखं, गाइँचा प्याखं, माक प्याखं, नागाचा प्याखं, लाखे प्याखं, देवी नाच, भैरव नाच, कवांचा प्याखं, लुसिचा प्याखं, जङ्गली प्याखं, खिचा प्याखं, ख्या प्याखं, मयुर प्याखं, लुसिचा प्याखं आदि प्रदर्शन गर्ने प्रचलन रहेको छ । नेपालभाषामा प्याखं भनेको नाच हो । साथै टोलटोलमा नाटक पनि देखाइन्छ ।

विभिन्न समसामयिक विषयमा नेपालभाषामा ख्याल प्रहसन पनि देखाइन्छ । यी सबै नाचमा परम्परागत पोसाक लगाउने गरिन्छ । कतिपय नाचहरूमा नाचअनुसारको मकुन्डो लगाएर नाच्ने गरिन्छ । यसमा पाँच वर्षको बच्चादेखि ७० वर्षको वृद्धसम्मले भाग लिएको हुन्छ । एउटा नाच कम्तीमा पाँचदेखि सात मिनेटको हुने गर्दछ ।

टोल-टोलबाट प्रदर्शनी गर्न ल्याउने गरिन्छ । यसलाई भक्तपुर नगरभरि टोल-टोलमा प्रदर्शनी गर्ने गरिन्छ । त्यसैले एकदिन हेर्न बिर्से पनि भोलिका दिन अर्को टोलमा गएर त्यही नाच हेर्न सक्नुहुन्छ । सबै नाच दैनिक फरकफरक ठाउँमा देखाउँदै पूरै नगरभरि देखाउनुपर्छ । यही कारण दैनिक एकै ठाउँमा बसेर हेर्ने हो भने गाईजात्राभरिमा सबै नाच हेर्न सकिन्छ । प्रत्येक ठाउँमा दैनिक फरकफरक टोलीले नाच देखाएको हुन्छ ।

भक्तपुरका स्थानीयवासी बुढापाकाहरूका अनुसार भक्तपुरमा रात्रिकालीन सांस्कृतिक प्रदर्शनी धेरै वर्ष पहिलादेखि चल्दै आएको हो । पहिला हरेक टोल-टोलमा सांस्कृतिक प्रदर्शनी गरिन्थ्यो । तर, अहिले टोल-टोलमा मञ्च बनाएर भक्तपुरको विभिन्न ठाउँमा देखाइने गरिन्छ । यसबाहेक भक्तपुर नगरका सार्वजनिक पाटीपौवाहरूमा वर्षभरि नै रात्रिकालीन भजन हुन्छ ।

गत वर्ष भक्तपुरको दत्तात्रय, नासमना र भोलाछेँमा भएको थियो भने यस वर्ष भक्तपुर नगरपालिका-९ सूर्यमढी, वडा नं ६ चोछेँ र वडा नं ४ नासमनामा प्रदर्शनी भएको थियो । यसपालि भदौ १५ गतेदेखि १९ गतेसम्म प्रदर्शनी भएको थियो ।

भक्तपुरमा यसरी रात्रिकालीन सांस्कृतिक प्रदर्शनी हुन्छ भन्ने कुरा थाहा नहुनेहरूको सङ्ख्या धेरै रहेको इनाचोका प्रविना वनमाला सुनाउनुहुन्छ । उहाँ थप्नुहुन्छ, "भक्तपुरको गाईजात्रा एकदिन होइन, बरु आठ रात नौ दिन हुने गर्दछ ।" गाईजात्राको प्रमुख दिन यहाँ दिनभरि जात्रा वा नाच हुने भए पनि अन्य दिन भने साँझको समयमा मात्रै हुन्छ । यो सांस्कृतिक कार्यक्रम साँझ ५ बजेदेखि राति १२ बजेसम्म हुने गर्दछ ।

तृतीयाको दिनदेखि भक्तपुरमा रात्रिकालीन सांस्कृतिक मेला लाग्ने गर्छ । भक्तपुर नगरपालिका-९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले यस मेलामा कुनै पनि शुल्क नलाग्ने बताउनुहुन्छ । यो एक ठाउँमा मात्र नभई टोलटोलमा हुने उहाँ बताउनुहुन्छ । एकैदिन विभिन्न ठाउँमा खुला रूपमा नाच हेर्न सकिने उहाँ बताउनुहुन्छ । सबै दर्शकको सुविधाका लागि नाचहरू डबलीडबलीमा देखाउने गरिन्छ ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति भक्तपुरका यस्ता मौलिक नाचहरूलाई नगरपालिकाले जगेर्ना गर्दै आएको बताउनुहुन्छ । यही कारण नाचहरूलाई जीवन्त बनाउन उत्कृष्ट नाचहरूलाई नगरपालिकाले नगदसहित पुरस्कृत गर्दै आएको उहाँ सुनाउनुहुन्छ ।

सांस्कृतिक परम्परालाई जोगाउन भन्दै २०७४ सालदेखि भक्तपुर नगरपालिकाले सांस्कृतिक प्रतियोगिता गर्दै आएको जानकारी उहाँले गराउनुभयो । यसका लागि नगरका ठाउँ-ठाउँमा मञ्च राखेर नाच देखाउने र त्यसको मूल्याङ्कन गर्ने उहाँ सुनाउनुहुन्छ । पछि विश्व पर्यटन दिवसको अवसरमा उहाँहरूलाई नगदसहित सम्मान तथा पुरस्कार वितरण गर्दै आएको उहाँले बताउनुभयो ।

*- मिर्मिरे अनलाइन*

# चेपाङ समुदायले घरघरमै मनाए न्वागी

नारायणगढ (चितवन), २३ भदौ । चेपाङ समुदायल यस वर्ष छोनाम (न्वागी) घरघरमै मनाएका छन् ।

भोटेकोसी बाढी पहिरोका कारण देशलाई पीडा परेको भन्दै सो समुदायले आ-आफ्नो घरमा गच्छेअनुसार चाड मनाए । विगतका वर्षहरूमा भने न्वागी सामूहिक रूपमा एकजुट भएर मनाइन्थ्यो ।

चेपाङ समुदायले न्वागीलाई आफ्नो प्रमुख सांस्कृतिक तथा धार्मिक पर्व मान्दै आएको छ । हरेक वर्ष भदौ २२ गते विशेष रूपमा मनाइने न्वागी यस वर्ष तडकभडक र औपचारिक कार्यक्रम नगरी परिवार र आफन्तबिच परम्परागत विधिअनुसार मनाइएको नेपाल चेपाङ सङ्घले जनाएको छ ।

सङ्घका केन्द्रीय अध्यक्ष गोविन्दराम चेपाङले विगतका वर्षमा सामूहिक न्वागी मनाइने गरे पनि यस वर्ष देशको अवस्थालाई ध्यानमा राख्दै औपचारिक कार्यक्रमको आयोजना नगरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "तडकभडक नगरी यस वर्ष न्वागी आ-आफ्नो घरमा मनायौँ । देशमा भएको घटनाले गर्दा हामीले सामूहिक कार्यक्रम गरेनौँ ।"

यो समुदायमा नयाँ अन्नबाली र फलफूल पाक्न थालेपछि प्रकृति, भूमि र पितृलाई चढाएर मात्र उपभोग गर्ने परम्परासँग न्वागी जोडिएको छ । पाखापखेरामा लगाइएका मकै, घैया धानलगायत नयाँ अन्नबाली तथा विभिन्न फलफूल पाक्ने यही समयमा घरघरमा धार्मिक तथा सांस्कृतिक विधि सुरु हुने गर्छन् ।

न्वागीको अघिल्लो रात चेपाङ समुदायका झाँक्री (पान्दे) ले फलाक्ने, जाग्राम बसेर पूजा गर्ने, पितृको स्मरण गर्ने र पितृ बोलाउने परम्परा छ । त्यसपछि नयाँ उब्जनी भएका अन्न तथा फलफूल पितृ र देवतालाई चढाइन्छ । पूजापछि पान्देले आशीर्वाद दिने चलन छ ।

न्वागीमा घैया आवश्यक पर्ने र त्यसबाहेक गाभा, पिँडालु, घिरौँला, निबुवा, कागतीलगायत नयाँ उब्जनी भएका फलफूल तथा तरकारी चढाइने गरिन्छ । नयाँ अन्नबाली भूमि र पितृलाई अर्पण गरेपछि मात्र खाने परम्परा छ ।

चेपाङ समुदाय प्रकृति र धर्तीपूजक समुदाय हुन् । घैया धान, मकै, पिँडालु, गाभा, फलफूललगायत नयाँ उब्जनी पाकेपछि भूमि र पितृलाई चढाएर खाने परम्परा चेपाङ समुदायमा पाइन्छ ।

भदौभरि नै अनुकूल समयमा न्वागी मनाउने चलन छ । 'भदौको बिस बाइस' भन्ने परम्पराअनुसार भदौ २२ लाई न्वागीको मुख्य दिनका रूपमा मान्ने गरिएको पाइन्छ । नयाँ पुस्तामा न्वागीको महत्त्व क्रमशः घट्दै गएको र समुदायभित्र धर्म परिवर्तनका कारण मौलिक धर्म र संस्कृति लोप हुने अवस्था देखिन थालेको भन्दै समुदाय एकजुट भएर आफ्नो धर्म, संस्कृति र परम्परा जोगाउनुपर्नेमा जोड दिनुभयो । **रासस**

# सामाजिक सञ्जालमा अफवाह फैलाउनेविरुद्ध तीव्र निगरानीसहित कडा कारबाही

रूपन्देही, २३ भदौ । बाढीपछि विपद्को समयमा सामाजिक सञ्जालमार्फत अफवाह, गलत सूचना तथा सामाजिक सहिष्णुतामा आघात पुऱ्याउनेविरुद्ध प्रहरी सक्रिय भएको छ ।

नेपाल प्रहरीले सामाजिक सहिष्णुतामा आघात पुऱ्याउने अभिव्यक्तिसहितको भिडियो सामग्री प्रसारण, पोस्ट वा सेयर गरी समाजमा घृणा, द्वेष र अफवाह फैलाउन उद्धृत सञ्जाल प्रयोगकर्ताको निगरानी एवं पहिचान गरी सख्त कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरेको हो ।

सामाजिक सञ्जालको दुरुपयोग गरी असान्दर्भिक टीकाटिप्पणीसहित समाजलाई भ्रमित नपार्न अनुरोध गर्दै नेपाल प्रहरीले केन्द्रमा साइबर ब्युरोका प्रहरी नायब उपरीक्षक गजेन्द्र आचार्यको संयोजकत्वमा १० सदस्यीय समिति गठन गरी निगरानीको कामलाई तीव्रता दिएको जनाएको छ ।

यसै सन्दर्भमा फेसबुक, टिकटक, इन्स्टाग्रामलगायतका सामाजिक सञ्जालमार्फत गलत सूचना, अफवाह तथा भ्रामक सामग्री प्रसारण गर्ने, विपद्को समयमा राहत सङ्कलनका नाममा ठगीधन्दामा संलग्न हुने र पीडामा रहेका व्यक्ति तथा परिवारजनका विषयमा अनावश्यक टिप्पणी गरी सामाजिक सद्भावमा असर पार्ने तथा पीडितलाई थप मानसिक पीडा दिने किसिमका सामग्री प्रसारण नगर्न लुम्बिनी प्रदेश प्रहरी कार्यालयले सचेत गराएको छ ।

। सम्पादकीय ।

# जेनजी प्रदर्शनलाई पनि पुँजीवादी सत्ताको खुड्किलो बनाइयो !

जेनजी प्रदर्शनको एक वर्षमा रास्वपा नेतृत्वमा बनेको सरकारले सुशासनको सपना पूरा हुन लागेको दाबी गऱ्यो । देशभरिफैँ आगजनी भएपछि एमालेका तत्कालीन प्रधानमन्त्री केपी ओलीले गत वर्ष भदौ २४ गते अपराह्न राजीनामा दिए । नेपालको संविधानमा प्रमले राष्ट्रपतिसमक्ष राजीनामा दिने बन्दोबस्त छ । तर, ओलीले राष्ट्रपतिलाई नभेटी राजीनामा पठाए । राष्ट्रपति रामचन्द्र पौडेलले पनि ओलीसँग संवाद नगरी प्रमको राजीनामा स्वीकृत गरे । त्यसपछि राष्ट्रपतिले भदौ २७ गते संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको नेतृत्वमा राखेर प्रतिनिधिसभासमेत विघटन गरे । तत्कालीन प्रम ओली र राष्ट्रपति पौडेलको संविधानविपरीतको निर्णयले देश अन्योलमा पऱ्यो । ओली र पौडेल दुवैले आफ्नो राजनीतिक नेतृत्व वहन गर्न सकेनन् ।

सरकारको एक सञ्चारमाध्यम 'गोरखापत्र' दैनिकको यही भदौ २३ गतेको अङ्कमा गत वर्ष भदौ २७ गते पहिला प्रतिनिधिसभा विघटन भई त्यसपछि मात्र पूर्वन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन गरिएको भाष्य प्रकाशित भयो । यो सत्य होइन । भदौ २७ गते राष्ट्रपतिले अन्तरिम सरकारको नेतृत्वमा सुशीलालाई नियुक्ति गरी सुशीला कार्कीको सिफारिसमा प्रतिनिधिसभा विघटन गरेका थिए । अर्को पक्ष सर्वोच्च अदालतका न्यायाधीशहरूमा संविधान पालना गर्ने दृढता भएको भए उतिबेलै प्रतिनिधिसभा पुन:स्थापना हुनसक्थ्यो ।

रास्वपा सरकारले गत फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनमा झण्डै दुईतिहाइ अर्थात् १८२ स्थान प्राप्त गरेको, कार्तिक १७ गते जेनजी प्रदर्शनका ४५ जनालाई सहिद घोषणा गरेको, गत चैत १३ गते रास्वपा सरकार गठन र यही भदौ २१ गते सिंहदरबार परिसरमा जेनजी सहिद स्मारक पार्क तथा सालिक र स्तम्भ शिलान्यास भएको, यही भदौ २३ गतेलाई जेनजी दिवस नामकरण गरी सार्वजनिक बिदा दिएकोलाई सुशासनको खुड्किलो दाबी गऱ्यो । यो सत्य होइन । सुशासनको लागि भ्रष्टाचारशून्य र नि:स्वार्थ रूपमा देश र जनताको सेवा गर्ने सरकारी तस्वीर जरुरी हुन्छ । अहिले रास्वपा सरकारले यस्तो तस्वीर दिन सकेको छैन ।

नेड, आइआरआई, टीओबी, बारबरा फाउन्डेसन, अमेरिकी युथ काउन्सिल, स्टुडेन्ट फर फ्री तिब्बतलगायतको प्रत्यक्ष र परोक्ष संलग्नता र प्रशिक्षणमा गत वर्ष भदौ २३ र २४ गतेको प्रदर्शन हिंसात्मक भएको सार्वजनिक भइरहेको छ । यो यथार्थ नेका, एमाले, तत्कालीन माओवादी, राप्रपाकै नेतृत्वमा सरकारमा पुगेका नेताहरूले बुझ पचाउने काम गरे । यतिबेला जेनजी प्रदर्शनका घाइते र सहिद परिवार भन्दै छन्- "सत्ता बदलेका जेनजीहरूको भविष्य बदलिएको छैन ।" वास्तवमा सम्पूर्ण नेपाली जनताको भविष्य नबदलिएसम्म जेनजी परिवारको भविष्य पनि नबदलिने घामजत्तिकै छर्लङ्ग विषय हो ।

जेनजी आन्दोलनपछि निर्वाचन सरकार र निर्वाचित सरकारको एक वर्षमा गत वर्ष भदौ २३ गते निहत्था जनतामाथि गोली किन हानियो, भदौ २४ गतेको प्रहरीलाई खेदी खेदी आक्रमण किन गरियो र देशभरि आगजनी किन गरियो ? जवाफ आएन ।

कतिपय घाइतेहरू - "सरकारमा खोला तरेपछि लौरो बिर्सेको आरोप लगाउँदै छन् ।" कतिपय घाइतेहरू घाउ नदुखे पनि देशको अवस्थाले पोलिरहेको बताउँदै छन् । उनीहरू भन्छन्, "सरकारमा जानेहरूको त केही बिग्रिएको छैन, घाइते रोजगारीमा जान सक्ने अवस्थामा छैनन् ।" रास्वपाको समानुपातिक उम्मेदवारमा परेका दैलेखका घाइते प्रकाश बोहरालाई निर्वाचित सूचीमा परिएन । कहिलेकाहीं संसद् भवनको बाटो भएर हिँड्दा प्रकाशको मन पोल्ने गर्छ । गएको असार ७ मा सुरु भएको रास्वपाको चितवन महाधिवेशनमा केन्द्रीय सदस्य उम्मेदवार बनाइए पनि प्रकाशलाई हराइयो । पुँजीवादी पार्टीहरूले जनआन्दोलनलाई आफ्नो स्वार्थअनुकूल अघि बढाउँछन् । २०४६, २०६२/६३ र २०८२ भदौ २३ र २४ गतेको आन्दोलनले यही पुष्टि गर्दै छ ।

# तेल र राजनीति : भेनेजुयलाका लागि ट्रम्पको 'ऐतिहासिक' सम्झौताले के अर्थ राख्छ ?

✍ कार्लोस एडुवार्डो पिना

*(भेनेजुयालीहरू स्वतन्त्र र निष्पक्ष चुनावको आशामा छन् तर अमेरिकाले तेल उत्पादनलाई मात्र प्राथमिकता दिन सक्छ ।)*

पछिल्लो शताब्दीदेखि नै भेनेजुयलाको राजनीति देशको तेल उद्योगको व्यवस्थापनसँग घनिष्ठ रूपमा जोडिएको छ ।

नीतिनिर्माताहरूबिचको बहस तेल क्षेत्रलाई उदारीकरण गर्ने वा राष्ट्रियकरण गर्ने भन्ने विषयमा केन्द्रित रहयो, जसमा पछिल्लो २७ वर्षदेखि राष्ट्रियकरण नै रुचाइएको विकल्प रहँदै आएको छ ।

समयसँगै, सत्तारूढ दलले 'स्रोतराष्ट्रवाद' भन्ने धारणा राष्ट्रिय मानसिकतामा रोपे, जसको उद्देश्य आफ्नो शक्ति मजबुत पार्नु र त्यस्तो शासनको हित अघि बढाउनु हो, जसले तेल आम्दानी प्रयोग गरेर विशेषत: क्यारिबियाली क्षेत्रमा आफ्नो राजनीतिक प्रभाव विस्तार गरेको थियो ।

यो सबै अचानक अन्त्य भयो ३ जनवरी २०२६ मा, जब अमेरिकी विशेष सेनाले काराकसमा गरेको एक चत्याङजस्तो छिटो सैन्य कारबाहीमा राष्ट्रपति निकोलस मादुरोलाई अपहरण गरेर अमेरिकामा ल्याए । त्यहाँ उनलाई हतियार र लागूऔषधसम्बन्धी मुद्दामा अदालतमा उभ्याइयो ।

त्यसबेलादेखि, मादुरोका उपराष्ट्रपति तथा हाल अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिगेजले अमेरिकी सरकारको हितलाई प्राथमिकता दिँदै तेल उद्योगको निजीकरणतर्फ ध्यान केन्द्रित गरेकी छिन् ।





*जनवरी २७, २०२६ मा भेनेजुयलाको माराकाइबो तालको क्याबिमासमा एउटा तेल पम्पज्याक, (लियोनार्डो फर्नान्डेज भिलोरिया/रोयटर्स)*

गत आठ महिनामा हासिल भएका उपलब्धिहरूमा 'सामान्य हाइड्रोकार्बन कानुन' मा सुधार, ऊर्जा उत्पादन केन्द्रहरूलाई स्वतन्त्र बनाउने र अमेरिकी पूर्व (अनुमतिसहित अमेरिकी तथा विदेशी तेल कम्पनीहरूलाई भेनेजुयलाको विशाल तेल क्षेत्र विकासमा सहभागी हुने अनुमति दिने कुरा समावेश छ । तर चीन, रूस, इरान वा उत्तर कोरियाका कम्पनीहरूलाई यसमा सहभागी हुन दिइएको छैन ।

सबैभन्दा महत्त्वपूर्ण विकास गत हप्तामा भयो, जब दुई देशले सम्झौता गरेको घोषणा गरे जसअनुसार अमेरिकी कम्पनीहरूले आगामी १०० वर्षसम्म ६५ अर्ब ब्यारेल कच्चा तेल भण्डारमा पहुँच पाउनेछन् ।

राष्ट्रपति ट्रम्पले 'विश्व इतिहासको सबैभन्दा ठूलो तेल सम्झौता' भनेर वर्णन गरेका छन् । यो सम्झौताले सत्तारूढ दलको स्रोत - राष्ट्रवाद नीतिमा मात्र मोड ल्याएको छैन, यसले अमेरिकी सरकारको प्रभुत्व रणनीति मजबुत पार्ने र भेनेजुयलाको तेल तथा ग्यास स्रोत नियन्त्रण गर्ने प्रयासको पराकाष्ठा पनि देखाएको छ ।

यसबाहेक, यो सम्झौताले भेनेजुयलाको राजनीतिक सङ्क्रमणमा निर्णायक भूमिका खेल्ने तय भएको छ ।

मादुरोलाई सत्ताबाट हटाएपछि अमेरिकाले स्थिरता, पुन:उत्थान र राजनीतिक सुधारलाई अघि बढाउन तीन चरणको योजना तयार गरेको छ । अब सबै पक्षहरूले सम्झौता कार्यान्वयन गर्न मार्गचित्र बनाउनुका साथै देशमा राष्ट्रपति चुनाव सुनिश्चित गर्नुपर्नेछ । तेल सम्झौताको हस्ताक्षर नै यो जटिल प्रक्रियाको सुरुवात हो ।

**अमेरिकाको लागि ठूलो जीत, भेनेजुयलाका लागि कम लाभदायी**

यस तेल सम्झौताका सटीक सर्तहरूबारे पछिल्लो हप्ताभर पश्चिमी गोलार्द्धका विशेष समाचार माध्यमहरूमा व्यापक छलफलको विषय बनेका छन् । तर, अमेरिकी र भेनेजुयाली अधिकारीहरूले दिएको विरोधाभासी र कहिलेकाहीं बेमेल विवरणका कारण सम्झौताको अन्तिम अवस्था अझै अस्पष्ट छ ।

ट्रम्प प्रशासनले सबैभन्दा विस्तृत जानकारी सार्वजनिक गर्दै, भेनेजुयलाको प्रमाणित ३०३ अर्ब ब्यारेल तेलमध्ये ६५ अर्ब ब्यारेल (२० प्रतिशत) तेललाई १०० वर्षका लागि अमेरिकी नियन्त्रणमा हस्तान्तरण गरिएको पुष्टि गरेको छ ।

यी तेल भण्डारहरू १७ वटा प्रमुख तेल क्षेत्रहरूमा फैलिएका छन्, जसमध्ये केही क्षेत्र पहिले चिनियाँ र रूसी कम्पनीहरूलाई सहुलियतमा दिइएका थिए । अब यी क्षेत्रहरूलाई नर्थ अमेरिकन ब्लु एनर्जी पार्टनर्स (NABEP), नाबेप नामक निजी कम्पनीले सञ्चालन गर्नेछ, जसले अमेरिकी रक्षा विभागको अफिस अफ स्ट्राटेजिक क्यापिटल (OSC) ओएससीसँग सहकार्य गर्नेछ । (OSC) ओएससीले (NABEP) नाबेपमा ३५ प्रतिशत हिस्सा नि:शुल्क प्राप्त गर्नेछ । ट्रम्पले यसलाई अमेरिकी करदाताको पैसा प्रयोग नहुने प्रमाणको रूपमा प्रस्तुत गरेका छन् ।

यसका साथै, अमेरिकी सरकारको जानकारीअनुसार अमेरिकाले (NABEP) नाबेप-नियन्त्रित तेल क्षेत्रहरूबाट हाल र भविष्यमा उत्पादन हुने कच्चा तेलको २० प्रतिशत हिस्सा उत्पादन लागतमै खरिद गर्ने अधिकार पनि सुरक्षित गरेको छ । यसको अर्थ उत्पादनमा भेनेजुयलाको कर लाग्ने छैन, जसले गर्दा भेनेजुयलाले पाउने राजस्व घट्नेछ ।

ओएससीलाई बाँकी ८० प्रतिशत तेल उत्पादन खरिद गर्ने पहिलो अधिकार दिइएको छ वा आवश्यक परे राष्ट्रिय सुरक्षाका कारण उत्पादन रोक्ने अधिकार पनि छ । यी प्रावधानहरूले अमेरिकालाई भेनेजुयलाको तेल भण्डारमा पहुँच सुनिश्चित गर्ने र 'स्ट्राटेजिक पेट्रोलियम रिजर्भ' (SPR) को आवश्यकता पूरा गर्ने प्राथमिकता दिएका छन् । यी कदमहरू स्पष्ट रूपमा अमेरिकाले आफ्नो राष्ट्रिय ऊर्जा सुरक्षा लक्ष्य हासिल गर्नका लागि उठाइएका हुन् ।

ह्वाइट हाउसले पनि पुष्टि गरेको छ कि (NABEP)नाबेप अमेरिकी नागरिकहरूको नियन्त्रणमा छ । यो अधिकार अमेरिकी सरकारले विदेशी कम्पनीहरूले यसलाई सञ्चालन गर्न नपाउने सुनिश्चित गर्न राखेको हो । व्यवहारमा यसको अर्थ, नाबेप केवल नियन्त्रणको साधनको रूपमा प्रयोग हुनेछ, जबकि वास्तविक सञ्चालन अमेरिकाले नै नियन्त्रण गर्नेछ ।

नाबेपले भेनेजुयाली अधिकारीहरूलाई तिर्नुपर्ने रोयल्टी तथा करसम्बन्धी अर्को विषय पनि उठाइएको छ । दुवै देशका उच्च अधिकारीहरूले भनेका छन् कि १७ वटा तेल क्षेत्रको दोहनबाट करस्वरूप करिब २०० अर्ब अमेरिकी डलर सङ्कलन हुनेछ, जसको आधारभूत लगानी करिब १०० अर्ब डलर हुने अपेक्षा गरिएको छ । यो रकम लामो आर्थिक सङ्कटपछि पुनर्निर्माणका चुनौतीहरू सामना गर्न वर्तमान अन्तरिम प्रशासनले व्यवस्थापन गर्ने अपेक्षा गरिएको छ ।

तर, यो रकम निर्धारण गर्न प्रयोग गरिएको विधि अस्पष्ट छ किनभने अमेरिकी सरकारलाई दिइएका विवेकाधिकार प्रावधानहरूले तिर्नुपर्ने करको ठ्याक्कै परिमाण गणना गर्न असम्भव बनाएको छ ।

यसबाहेक, भेनेजुयला सरकारले घोषणा गरेको छ कि नाबेपलाई दिइएको अनुमति केवल २५ वर्षका लागि मान्य हुनेछ; जुन अमेरिकी सरकारले दाबी गरेको १०० वर्षभन्दा निकै कम हो । उल्लेखनीय कुरा यो हो कि यस्तो प्रकारको सम्झौता भेनेजुयलाको हाइड्रोकार्बन कानुनमा आधा शताब्दीदेखि समावेश भएको छैन ।

द्विपक्षीय सम्झौता भेनेजुयलाको तेल क्षेत्रमा लगानी आकर्षित गर्ने राम्रो उपाय हुन सक्छ, तर यसको सफल कार्यान्वयनमा अझै पनि आन्तरिक र बाह्य राजनीतिक, कानुनी र आर्थिक अवरोधहरू विद्यमान छन् ।

पहिलो कुरा, राष्ट्रपति ट्रम्पले हालसम्म शेभ्रोन (Chevron) बाहेक अन्य प्रमुख अमेरिकी तेल कम्पनीहरूलाई भेनेजुयलाको तेल उद्योगमा प्रवेश गर्न प्रोत्साहित गर्न असफल भएका छन् । यसको कारण, भेनेजुयलामा विश्वसनीय र वैध संस्थाहरूको अभाव छ, जसले दीर्घकालीन उत्पादन योजनाको लागि स्थिर कानुनी संरचनाको अभावलाई सङ्केत गर्दछ ।

एक्सनमोबिल (ExxonMobil), शेभ्रोन र कोनोकोफिलिप्स (ConocoPhilips) जस्ता ठूला तेल कम्पनीहरूलाई अलग राख्दा, १७ वटा तेल क्षेत्रका सम्भावित साझेदारका रूपमा देखिएका कम्पनीहरू साना स्वतन्त्र सञ्चालकहरू मात्र हुन् । यसले सञ्चालनमा अवरोध ल्याउन सक्छ, किनकि ठूला कम्पनीहरूसँग मात्र दीर्घकालीन तथा ठूलो लगानी गर्न पर्याप्त वित्तीय र प्रविधिक क्षमता हुन्छ ।

ठूला तेल कम्पनीहरूको आत्मविश्वासको कमी पनि भेनेजुयलामा वैध सरकारको अभाव र सत्तारूढ दलको देशका मुख्य शक्तिहरूमाथि निरन्तर प्रभुत्वसँग सम्बन्धित छ ।



*सेप्टेम्बर २, २०२६ मा भेनेजुयलाको काराकसमा कम्पनीको सञ्चालन विस्तार गर्न अमेरिकी तेल प्रमुख शेभ्रोन र सरकारी अधिकारीहरूबिच सम्झौतामा हस्ताक्षर भएको दिन अमेरिकी ऊर्जा सचिव क्रिस राइटले मिराफ्लोरेस दरबारमा भेनेजुयलाका कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजसँग कुरा गर्दै ।*

बाँकी पृष्ठ ७ मा

# संरा अमेरिकी गृहमन्त्रालय पेन्टागन र वातावरणीय परिवर्तन

पीटर स्वार्ज र डग रान्डलले लेखेको 'अनपेक्षित वातावरणीय परिवर्तन र संरा अमेरिकाको राष्ट्रिय सुरक्षामा यसको प्रभाव' मा सुरुमै वातावरणीय परिवर्तनप्रतिको दृष्टिकोणलाई चुनौती दिइएको छ ।

सो लेखमा उल्लेख छ - "वातावरणीय परिवर्तनको विषयमा सोच्दा सबैले तापक्रममा विस्तारै हुने वृद्धि र अन्य वातावरणीय परिस्थितिमा आउने थोरै परिवर्तन, यस्तो परिवर्तनको निरन्तरता र भविष्यमा शान्त हुने सोच्छन् । आधुनिक सभ्यताले जस्तोसुकै मौसमी अवस्थामा पनि आफूलाई त्यसै अनुरूप ढाल्नेछ तथा वातावरण परिवर्तनको गतिले समाजको अनुकूल क्षमतालाई नाघ्न सक्दैन । क्योटो सम्झौताजस्ता हाम्रा प्रयासहरू ती असरहरूलाई साम्य पार्न पर्याप्त हुनेछ भन्ने विश्वास छ । IPCC को दस्ताबेजहरूमा उल्लेख भएजस्तै वातावरणीय परिवर्तन, खाद्यान्न आपूर्ति र मानवको लागि महत्त्वपूर्ण अन्य स्रोतहरूमा यसले पार्ने प्रभाव खतराको अवस्थासम्म पुग्ने छैन । विभिन्न प्राविधिक अनुसन्धान र आविष्कारले वातावरणीय परिवर्तनको नकारात्मक असरलाई साम्य पार्नेछ भन्ने आशा राख्नेहरू पनि छन् ।

वातावरणीय रूपमा भविष्यमा कृषि उत्पादनमा नकारात्मक प्रभाव पर्नेछ । उत्तरी युरोप, रुस र उत्तर अमेरिकामा कृषि उत्पादनमा वृद्धि हुनेछ । जबकि दक्षिणी युरोप, अफ्रिका, मध्य र दक्षिण अमेरिकामा खडेरी, पानीको कमी, उत्पादनमा कमीजस्ता समस्या आउनेछ । समग्रमा अठेरा वातावरणहरूमा पनि खाद्यान्न उत्पादन बढ्नेछ ।"

यसरी स्वार्ज र रान्डल तापक्रम वृद्धिको दृष्टिकोणविरुद्ध तर्क गर्छन् तथा तापक्रम वृद्धिबाट हुने वातावरणीय अस्तव्यस्ततबारे धेरै ध्यान दिन चाहँदैनन् । तापक्रम वृद्धिको कारण खडेरीले विनाशकारी र चरम दीर्घकालीन असर पार्नसक्छ । यस्तो तापक्रम वृद्धिबाट हुने खराब परिणामहरूले सबैभन्दा बढी कार्बन डाइअक्साइड उत्पादन गर्ने उत्तरी विश्वभन्दा दक्षिणी विश्वका गरीब देशहरूलाई असर पारेको छ । तर, स्वार्ज र रान्डालको लेखले उत्तरी शक्तिकेन्द्र देशहरूलाई वातावरण सुधारका निम्ति 'केही नगर्न' वा थोरै मात्र गर्न प्रोत्साहित गर्छ ।

अनपेक्षित वातावरणीय परिवर्तनले यो दृश्यलाई नाटकीय रूपमा परिवर्तन गर्छ । यस्तो परिवर्तनले मानव समाजलाई विनाशकारी परिस्थिति सृजना गर्नेछ, थर्मोहलाइन बहाव बन्द भएपछि यसको पहिलो असर दक्षिणी विश्वमा नभई उत्तरी विश्व र विशेष गरी उत्तरी आन्ध्र महासागरीय क्षेत्रमा रहेका देशहरूलाई असर पार्नेछ । स्वार्ज र रान्डल निकट भविष्यमै यस्तो परिवर्तन नहुने कुरामा प्रस्ट छन् । यसको विपरीत तिनीहरू संरा अमेरिकाको राष्ट्रिय सुरक्षामा पर्ने सम्भावित असर खोज्ने क्रममा छन् । तिनीहरूले एड्गर ड्रायसभन्दा ८ हजार २ सय वर्ष लामो घटनालाई महत्त्व दिएका छन् । उनीहरूका अनुसार थर्मोहलाइन संवाहक हावाले उत्तरी युरोपमा ३.३ डिग्री सेन्टीग्रेडले तापक्रम घट्नेछ तथा उत्तरी आन्ध्र क्षेत्रमा एक शताब्दीसम्म तापक्रम घट्नेक्रम जारी रहनेछ । उत्तरी विश्वमा चिसोपना, हावाहुरी र सुख्खापन सँगसँगै बाँकी विश्वमा तापक्रम वृद्धि र खडेरी आउनेछ ।

तिनीहरूले कोरेको एउटा दृश्य कृषिमा ह्रास र विषम हावापानी हो, जसमा ऊर्जा स्रोतको अभाव पनि सामेल छ । प्राकृतिक स्रोत सम्पन्न र खाद्यान्न उत्पादन गर्ने क्षमता भएका संरा अमेरिका र अस्ट्रेलियाले आफ्नो देशमा आउने प्रवासीहरूको सम्भावित चापलाई रोक्न 'रक्षात्मक किल्ला' बनाउनेछ भने अन्य धेरैजसो देशहरू युद्धमा अल्झिनेछन् । वातावरणीय परिवर्तनबाट उब्जने तनावबाट उत्पन्न हुने हिंसा र अस्तव्यस्तताले राष्ट्रिय सुरक्षामा अर्कै किसिमको खतरा पार्नेछ । आदर्श, धर्म वा राष्ट्रिय सम्मानको सट्टा ऊर्जा, खाद्यान्न र पानीजस्ता प्राकृतिक स्रोतको आवश्यकताको कारण सैनिक भिडन्त हुनेछ । भिडन्तको कारण धेरै देशमा राष्ट्रिय सुरक्षामा खतरा आउनेछ । कठिन परिस्थितिको कारण विश्वको धारण क्षमता (Carrying Capacity) घट्नेछ र संसारभरि युद्ध फैलिनेछ साथै ताप-आणविक युद्ध (Thermo Nuclear War) को खतरा बढ्नेछ ।

स्वार्ज र रान्डल स्पष्ट छन् - अनपेक्षित वातावरणीय परिवर्तनबाट आउने अपरिहार्य असरको लागि मानव समाज तयार हुनुपर्दछ । तिनीहरूले सो स्थिति छ भने त्यसलाई रोक्न ढीलो भइसकेको छ, यस्तो परिस्थितिमा सामाजिक अस्थिरताबाट आउने विनाशकारी परिणामलाई रोक्न आवश्यक सुरक्षा उपाय अपनाउन तयारी गर्नुपर्छ । यो प्रतिवेदन पेन्टागनले तयार पार्न लगाएको हुनाले पर्यावरणीय, आर्थिक र सामाजिक रूपमा सबैभन्दा बढी असर पर्ने ती देशहरू पत्ता लगाएर पेन्टागनले युद्धतर्फ धकेल्न खोजेको छ । यस्तो सूचनाले संरा अमेरिकालाई आफ्नो सुरक्षाहितको पक्षमा काम गर्न सम्भव बनाउनेछ । यसरी तिनीहरूको उद्देश्य अमेरिकालाई हरेक अवस्थामा रक्षा गर्नु हो ।

वास्तवमा पर्यावरणीय प्रभावले उत्तरी विश्वलाई बढी प्रभाव पार्ने सम्भावना देखिन्छ । तर, पेन्टागनले प्रस्तुत गरेको प्रतिवेदनले परम्परागत वैचारिक बाटो अपनाउँदै दक्षिणी विश्वमा अस्थिरता र युद्ध बढ्न सक्ने सङ्केत गरेको छ । यस्तो अवस्थामा संरा अमेरिका आफैले विश्व तेल आपूर्ति र अन्य प्राकृतिक स्रोतमा कब्जा गर्न प्रयास गर्ने सम्भावनालाई प्रतिवेदनमा उल्लेख गरिएको छैन । संरा अमेरिकाले यस विषयमा रक्षात्मक नीति अपनाएको छ । सम्भावित आप्रवासीहरूको आगमनलाई रोक्ने र कठोर परिस्थितिमा शान्ति र स्थिरताको वातावरण सृजना गर्नेतर्फ लक्षित छ ।

सन् २००४ को फेब्रुअरीमा प्रथमपटक सार्वजनिक हुँदा प्रतिवेदनमा संलग्न कुराहरूले अन्योल र त्रास निम्त्याए । त्यसबेला पेन्टागनले त्यो प्रतिवेदनले ल्याएको त्रासलाई साम्य पार्न तत्काल कदमहरू चाल्यो । मार्शलले एक वक्तव्य प्रकाशित गर्दै तापक्रम वृद्धिको असरको अनुमान गर्ने क्रममा पेन्टागन अध्ययनले वैज्ञानिक सूचनाको आधार लिएको तर धेरैजसो अनुमान अझै कल्पनामा आधारित भएको बताए । अनपेक्षित वातावरणीय परिवर्तनसम्बन्धी प्रतिवेदन रक्षा विभाग र बुश प्रशासनसामु पेस नभएको पेन्टागन अधिकारीहरूले बताए ।

अनपेक्षित वातावरणीय परिवर्तनको वास्तविक प्रभाव पेन्टागनको उच्च तहमा र ह्वाइट हाउसका अधिकारीमाझ पर्दैन । यसको ऐतिहासिक महत्त्व प्रतिवेदनको सुरुआतमा उल्लेखित भनाइ हो । त्यहाँ भनिएको छ- सम्भावित भयानक परिणामहरूको कारण अनपेक्षित वातावरणीय परिवर्तनको खतरा अनिश्चित भए तापनि संरा अमेरिकी राष्ट्रिय सुरक्षा चासोको कारण वैज्ञानिक बहसभन्दा पनि पर लानुपर्दछ ।

**बढ्दो वातावरणीय परिवर्तन**

वैज्ञानिकहरूले भनेजस्तै अनपेक्षित वातावरणीय परिवर्तन नाटकीय भए तापनि तापक्रम वृद्धिको सम्भावित परिणाममात्र होइन भन्ने कुरा थाहा पाउनु महत्त्वपूर्ण छ । तापक्रम वृद्धिलाई अझै बढाउने घटनाहरू र यसको तीव्रताप्रति वैज्ञानिकहरू झन् चिन्तित छन् । IPCC को सन् २००१ मा प्रकाशित वातावरणीय परिवर्तनसम्बन्धी प्रतिवेदनअनुसार वायुमण्डलमा कार्बन डाइअक्साइडको मात्रा बढेपछि समुद्र र जमीनले सोस्ने कार्बन डाइअक्साइडको मात्रा घट्छ । यसले गर्दा वायुमण्डलमा कार्बन डाइअक्साइडको मात्रा झन् बढाउँछ । तापक्रम वृद्धिको कारण जलचक्र (Hydrological Cycle) (वाष्पीकरण, वर्षा, बहाव आदि प्रक्रिया) मा वृद्धि हुनसक्छ । प्राकृतिक हरितगृह प्रभाव बढाउने सबैभन्दा बढी सम्भावित तत्त्व ग्यास, पानीको वाफले अतिरिक्त ताप सोसेर सतहको तापक्रम बढाउन मद्दत गर्नेछ । बरफ र हिउँ पग्लेर थप सूर्यको ताप सोस्नेछ र तापक्रम बढाउनेछ । समुद्र र जङ्गल दुवैको कार्बन डाइअक्साइड सोस्ने क्षमता घट्नेछ, जसबाट वातावरणीय परिवर्तनलाई सघाउ पुग्नेछ ।




IPCC को प्रतिवेदनमा यी सबै घटनामाथि सोचविचार गरिएको छ । तर, अनिश्चितताको कारण यस्ता परिस्थितिहरूमा आश्चर्यजनक रूपमा विभिन्न घटनाक्रम विकसित हुने सम्भावना धेरै छ ।

तथ्याङ्कहरू आउने क्रम जारी रहेदेखि तापक्रम वृद्धिबाट हुनसक्ने खतरनाक परिणामहरू अवश्यम्भावी हुँदै गइरहेको कुरा यथार्थ हो । गएको वर्षको तुलनामा वायुमण्डलमा कार्बन डाइअक्साइडको मात्रा तीव्र रूपमा बढेको छ । विगतको दशकमा भएको औसत वृद्धि प्रति १० लाखमा १.८ भागको तुलनामा गएको वर्ष प्रतिदस लाखमा ३ भागको दरले बढ्नु निकै ठूलो मात्रा हो । वायुमण्डलमा कार्बन डाइअक्साइडको वृद्धिदर ५० वर्ष अगाडिको भन्दा प्रतिवर्ष ३ गुणाले बढेको छ । यसले केही असर पार्छ वा पार्नेछैन भनी निष्कर्षमा पुग्नु अहिले धेरै चाँडो हुने भए तापनि अबका दिनमा चुनौती झन् बढिरहेकोमा वैज्ञानिकहरू चिन्तित छन् ।

**पुँजीवाद र कार्बन डाइअक्साइड**

पुँजीवादी अर्थतन्त्र र विश्व वातावरण दुवै गम्भीर र गतिशील प्रणाली हुन् । वातावरणीय परिवर्तन र यसको आर्थिक असरबारेको अनिश्चितता यी दुई प्रणालीको अन्तरक्रियासँग सम्बन्धित छ । समस्यालाई झन् खराब बनाउने क्रममा वातावरणीय प्रणाली र मानव समाज दुवै जैविक जीवनको दुई भाग हुन् । जैविक-भू रसायनिक प्रक्रिया (Biogeochemical Process) सँग यिनीहरूको अभिन्न सम्बन्ध छ । मानवीय क्रियाकलापको असर अन्य जैविक प्रक्रियाहरूमा पनि परेको छ ।

वातावरणीय परिवर्तनबाट हुनसक्ने व्यवधानहरू नभएको भए विश्व अर्थतन्त्र मजाले अघि बढ्छ । तथापि, यसमा त्रुटिपूर्ण छ । यसले जनसङ्ख्या र सम्पूर्ण समाजको आर्थिक अस्तव्यस्ततालाई उपेक्षा गरेको छ । केही महिनाअगाडि मात्र बताइएअनुसार विश्वको आधा जनसङ्ख्या दैनिक दुई डलरभन्दा कम आम्दानीमा बाँच्छन्, तिनीहरूमध्ये धेरैजसो कुपोषण वा एक छाक खाए अर्को छाक कहाँबाट जुट्ने भन्ने समस्याबाट पीडित छन् । झन्डै १ अरब जनता स्वच्छ पानी पिउनबाट वञ्चित छन्, २ अरब जनता विद्युतबाट वञ्चित छन् र २ अरब ५० करोड जनतालाई सरसफाइ सुविधा पाएका छैनन् । आर्थिक वृद्धि सुस्तगतिमा छ तथा जनताको आर्थिक सङ्कट झन् गहिरिएको छ । यसका साथै पृथ्वीमा रहेको जैविक विविधताको दृष्टिकोणबाट 'प्राकृतिक अर्थतन्त्र' पनि खतरामा परेको छ । आर्थिक र पर्यावरणीय अस्तव्यस्तता चारैतिर छ ।

पेन्टागनको लागि यी सबै खतराहरूको उत्तर सरल छ- धेरै हातहतियार जम्मा गर्नु ताप-आणविक युद्धबाट हुने खतराहरूको लागि तयार हुनु र आप्रवासीहरू ओइरिने डरले संरा अमेरिका वरपर अभेद्य पर्खाल बनाउनु । स्वार्ज र रान्डलले यही वर्णन गरेका छन् । तथापि धेरै असर पार्ने वातावरणीय घटनाहरूप्रतिको उसको जिम्मेवारी समाजको पुन:सङ्गठन र प्राकृतिक वातावरणको शोषण र क्षयीकरण रोक्न नखोज्नु हो । पेन्टागन धेरैजसो विश्वव्यापी समस्याहरूको सन्दर्भमा पनि आफूबाहेक सबै डुबोस् भन्ने चाहन्छ ।

तापक्रम वृद्धिको खतरालाई उल्लेख्य रूपमा सम्बोधन गर्नु भनेको पुँजीवादी प्रणालीको आधारलाई तोड्नु हो । यो शताब्दीको अन्त्यसम्ममा विनाशकारी वातावरणीय असरलाई पन्छाउनु छ भने हरितगृह ग्यासको उत्सर्जन दरमा सन् १९९० को भन्दा ६०-८० प्रतिशतले घटाउन आवश्यक भएकोमा विश्व वैज्ञानिक समुदाय एकमत छ । पुँजीवादी अर्थतन्त्रको लागि यस्तो कटौतीले पुऱ्याउने खतरा क्योटो सन्धिको निरर्थक अवस्थाबाट प्रस्ट बनेको छ । क्योटो सन्धिअनुसार औद्योगिक धनी देशहरूले सन् २००८-२०१२ सम्म औसत हरितगृह ग्यास उत्सर्जन प्रक्रियामा सन् १९९० को दरभन्दा ५.२ प्रतिशतले कममा झार्नु आवश्यक छ । सन् १९९० यता आफ्नो कार्बन डाइअक्साइड उत्सर्जनको मात्रालाई निरन्तर बढाएको संरा अमेरिकाले यो मात्रालाई कम गर्ने वाचा गरे तापनि धेरै महँगो भएको भन्दै सन् २००१ मा क्योटो सम्झौताबाट हात झिक्यो । तथापि, क्योटो सन्धि वर्तमान समस्यालाई रोक्ने एउटा सानो अपर्याप्त कदम हो । ठूलो मात्रामा कटौती गर्न अझै बाँकी छ ।

क्योटो सन्धि लागू भए तापनि (रुसले यसमा सहमति जनाउने वा नजनाउने कुरामा यसको भविष्य धेरै हदसम्म निर्भर छ तर रुसले सहमति जनाइसकेको छ) यसले ठूलठूला प्रश्नहरूलाई मात्रै जन्माउने छ । आवश्यक हदसम्म कार्बन उत्सर्जन घटाउन के उत्तरी विश्वका धनी देशहरू सहमत हुनेछन् ? वातावरण बचाउने कार्यमा दक्षिणी विश्वका गरीब देशहरू कसरी सामेल हुनेछन् ? साम्राज्यवादको शिकार बनेका यी गरीब देशहरूले आफ्नो हरितगृह ग्यास उत्सर्जन प्रक्रियामा अहिले रोक लगाएमा आर्थिक रूपमा विकास गर्ने अवसर थोरैमात्र हुनेछ । वायुमण्डलले कार्बन डाइअक्साइडको बढ्दो मात्रा धान्न नसक्ने हुनाले तथा वायुमण्डलले धान्ने क्षमतालाई पहिल्यै धनी देशहरूले अन्त्य गरिदिएको कारण ती देशहरूले आफ्नो ग्यास उत्सर्जन ८०-९० प्रतिशतले कटौती नगरेसम्म छेउछाउका देशहरू जीवाश्म इन्धनको प्रयोगमा कमी ल्याउन बाध्य हुनेछन् ।

पर्यावरणीय साम्राज्यवादको लामो इतिहासले गर्दा उत्तरी विश्वले दक्षिणी विश्वलाई पर्यावरणीय ऋण तिनुपर्नेमा तेस्रो विश्वका देशहरूले जोड दिएका छन् । उचित तथा दिगो वातावरण सृजना गर्ने एउटैमात्र बाटो कुनै पनि समाधानलाई प्रतिव्यक्ति ग्यास उत्सर्जनमा आधारित गर्नु हो । यसको आधारमा हेर्दा संरा अमेरिकाले प्रतिव्यक्ति प्रतिवर्ष ५.६ मेट्रिक टन कार्बन डाइअक्साइड उत्सर्जन गर्दछ जबकि जी-७ राष्ट्रहरू (संरा अमेरिका, क्यानाडा, जर्मनी, बेलायत, जापान, इटाली र फ्रान्स) बाहेक विश्वका सबै देशहरूले प्रतिव्यक्ति वार्षिक रूपमा ०.७ टन कार्बन डाइअक्साइड उत्सर्जन गर्दछ । यस प्रकारको असमानता वातावरणीय सुधारको बाटोमा सबैभन्दा ठूलो अवरोध हो । क्रान्तिकारी परिवर्तन हुनु आवश्यक छ । विश्वव्यापी रूपमा धान्न सकिने तहमा प्रतिव्यक्तिले कार्बन डाइअक्साइड उत्सर्जन गरेपछि तथा धनी र गरिब दुवै देशको ग्यास उत्सर्जनमा समानता रहे मात्र उचित र दिगो वातावरण कायम रहन सक्छ । यस्तो सुरक्षित प्रतिव्यक्ति ग्यास उत्सर्जन दर हाल उत्तरी विश्वले प्रतिव्यक्ति उत्सर्जन गरिरहेको दरको दस भागमध्ये एक भागभन्दा पनि कम हुनेछ । एउटा अनुमानअनुसार वातावरणीय स्थिरताको लागि विश्वका हरेक व्यक्तिले प्रतिवर्ष ०.४ टन ग्यासमात्र उत्सर्जन गर्नुपर्दछ ।

सबै देशहरूले प्रतिव्यक्ति ग्यास उत्सर्जन दर बराबरी तहमा न्यून राख्नु संरा अमेरिका र अन्य प्रमुख राष्ट्रहरूले तत्काल स्वीकार्न नसक्ने प्रस्ट छ । तथापि, विकासको आवश्यकता रहेको तेस्रो विश्वका देशहरूले प्रतिव्यक्ति उत्सर्जनमा समानता हुनुपर्ने अधिकारलाई धनी देशले त्यत्तिकै छाड्ने अनुमान गर्न सक्दैनन् । विगतको साम्राज्यवादी परम्पराअनुसार तापक्रम वृद्धिको मुख्य भार अविकसित देशहरूमाथि लाने प्रयास असफल हुनेछ ।

संरा अमेरिका र अन्य विकसित पुँजीवादी राष्ट्रहरूले यस्तो रणनीति अगाडि सारे तिनीहरूले विश्वलाई असभ्यताको स्तरमा पुऱ्याउनेछन् र जैविक वातावरणसँग मानवीय सम्बन्धलाई उपेक्षा गर्नेछन् ।

**इस्टर टापु र पृथ्वी**

वातावरणविद्हरूको लागि पर्यावरणको विनाश र सन् १४००-१६०० सम्ममा इस्टर टापुको सभ्यता लामो समयदेखि रहस्य र प्रतीक रहिआएको छ । ठूलठूला ढुङ्गे मूर्तिको स्थापना सो टापुको जङ्गल र त्यसको पर्यावरण र सभ्यताको विनाशको कारण बन्नु प्रतिस्पर्धी गुटहरूबिचको सत्ता र सम्मानको सङ्घर्षको प्रतीक थियो । जेर्ड डायमन्ड (Jared Diamond) का अनुसार रुखहरू काट्न र आफ्नो प्रतिमा बनाउन नसक्ने नेता असफल मानिन्थ्यो । यही साँघुरो तर्कको कारण इस्टर टापुवासीहरूले आफ्नो पर्यावरण र समाजलाई विनाशको सङ्घारमा पुऱ्याए ।

के हामी यस्तै त्रासदीतर्फ अगाडि बढिरहेका छौँ ? डायमन्ड भन्छन् - विश्वव्यापीकरण, अन्तर्राष्ट्रिय व्यापार, जेट विमान र इन्टरनेटको कारण पृथ्वीका सबै देशहरूले स्रोत बाँडफाँट गरेका छन् र इस्टरका ११ वटा गोत्रहरूले जस्तै एक अर्कालाई असर पारेका छन् । प्रशान्त महासागरमा इस्टर टापु पृथक रहेजस्तै आज अन्तरिक्षमा पृथ्वी पृथक रहेको छ । इस्टर टापुवासीहरूमाझ कुनै कठिनाइ आए अन्यत्र कहीं भाग्ने वा मद्दतको लागि गुहार्ने ठाउँ थिएन, त्यस्तै गरी हाम्रो समस्या बढे हामी पृथ्वी छाडेर अन्यत्र कहीं जाने ठाउँ छैन । त्यही कारणले गर्दा जनताले इस्टर टापु समाजको पतनलाई हाम्रो भविष्यमा घट्न सक्ने घटनाको प्रतीकको रूपमा लिएको छ ।

इस्टर टापुको समाज सत्ता स्वार्थ र आफ्नो मान प्रतिष्ठाको कारण समस्यामा पऱ्यो । पर्यावरणीय समस्यासँगै टापुका नेता र पुजारीहरूलाई सैनिक नेताहरूले विस्थापित गरे, असभ्य गृहयुद्ध चर्कियो र अन्तमा समाजको पतन भयो । यहाँ पनि यस्तै पाठ छ - हामीले सत्ता स्वार्थको सामना गर्नुपर्दछ तथा असभ्यता आउनुपूर्व सबै बासिन्दाको आवश्यकताअनुसार समाजलाई पुन: सङ्गठन गर्नुपर्दछ ।

पेन्टागन प्रतिवेदन आफैले पनि छुट्टै अर्थ बोकेको छ । यसले अनपेक्षित वातावरणीय परिवर्तन र यसबाट हुने आन्तरिक युद्धको वर्णन गरेको छ । यो 'अन्तर्राष्ट्रिय उग्रधारणा' (Internationally Extreme) हो तर इस्टर टापुको नियतिले यस्तो उग्र अवस्थामा पुग्ने सम्भावनालाई नकारेको छ ।

Monthly Review
May 2004

**समाप्त**

# रुससँग सम्बन्ध बलियो बनाउँदै प्रजग कोरिया




प्योङयाङ, २३ भदौ (एएफपी) । प्रजातान्त्रिक जनगणतन्त्र कोरियाले रुससँगको पहिलो सडक पुललाई दुई देशबिच बढ्दो सम्बन्ध र सहकार्यको प्रतीकका रूपमा प्रस्तुत गरेको छ । टुमेन नदीमाथि बनेको पुल सोमबार उद्घाटन गरिएको हो ।

प्रजग कोरियाली प्रधानमन्त्री पाक थाई सङले पुल निर्माण सम्पन्न हुनु द्विपक्षीय सहयोगमा नयाँ गति थप्ने महत्त्वपूर्ण घटना भएको बताउनुभयो । रुसी प्रधानमन्त्री मिखाइल मिशुस्तिनले पनि पुलले दुई देशबिचको सम्बन्ध थप सुदृढ बनाउने बताउनुभयो ।

सन् २०२२ मा रुसले युक्रेनमा आक्रमण सुरु गरेपछि मस्को र प्योङयाङबिच सैन्य तथा आर्थिक सहकार्य तीव्र भएको छ । प्रजग कोरियाले सन् २०२४ मा रुसको कुर्स्क क्षेत्रमा युक्रेनी सेनाविरुद्ध लड्न हजारौँ सैनिक पठाएको थियो । दुवै देशले त्यही वर्ष पारस्परिक रक्षा सन्धि गरेका थिए ।

दक्षिण कोरियाको केन्द्रीय बैङ्कले प्रजग कोरियाको अर्थतन्त्र सन् २०२५ मा लगातार तेस्रो वर्ष तीन प्रतिशतभन्दा बढीले बढेको र रुससँगको आर्थिक सहकार्य त्यसको प्रमुख कारणमध्ये एक रहेको जनाएको छ ।

# बोलिभियाको सैनिक शिविरमा विस्फोटबाट मृत्यु हुनेको सङ्ख्या नौ पुग्यो

ला पाज, २३ भदौ (एएफपी) । बोलिभियाको एक सैनिक शिविरमा भएको शक्तिशाली विस्फोटमा मृत्यु हुने सैनिकको सङ्ख्या नौ पुगेको रक्षा मन्त्रालयले सोमबार जनाएको छ । भग्नावशेषबाट थप तीन सैनिकको शव फेला परेपछि मृतकको सङ्ख्या बढेको हो ।

राजधानी ला पाजबाट करिब ३० किलोमिटर दक्षिणपश्चिममा रहेको भियाचा सहरस्थित सैनिक ब्यारेकमा शुक्रबार दुईवटा शक्तिशाली विस्फोट भएका थिए ।

रक्षा मन्त्रालयका अनुसार उक्त स्थानमा जफत गरिएका पटाका, ग्रिनेड तथा टीएनटीमा आधारित विस्फोटक पदार्थ भण्डारण गरिएको थियो ।

रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा सेनाले सोमबार भग्नावशेषबाट नवौँ शव फेला पारेको उल्लेख गरेको छ ।

मृत्यु हुने नौ जनामध्ये एक जना हवल्दार र आठ जना अनिवार्य सैनिक सेवामा रहेका युवा सैनिक रहेको मन्त्रालयले जनाएको छ ।

अझै पाँच सैनिक बेपत्ता छन् । स्थानीय सञ्चारमाध्यमले सार्वजनिक गरेका दृश्यअनुसार सोमबार अग्निनियन्त्रकहरूले ठूलो प्रहरी सुरक्षाबिच क्षतिग्रस्त भवनका भग्नावशेष हटाउने काम गरिरहेका थिए ।

स्वास्थ्यमन्त्री मार्सेला फ्लोरेसका अनुसार विस्फोटमा घाइते भएका ८४ जनामध्ये ३१ जना अझै अस्पतालमा उपचाररत छन् ।

सेनाका कमान्डर हेक्टर अलार्कोनका अनुसार उक्त ब्यारेकमा करिब २४० सैनिक रहेका थिए । तर दुर्घटनाका बेला अधिकांश सैनिक शिविरबाहिर विभिन्न गतिविधिमा संलग्न रहेकाले ठूलो मानवीय क्षति हुनबाट जोगिएको बताइएको छ ।

विस्फोटस्थलको निरीक्षण गरेका राष्ट्रपति रोड्रिगो पाजले थप विस्फोटको जोखिम निम्त्याउन सक्ने सबै विस्फोटक पदार्थ सुरक्षित स्थानमा सारिसकिएको सोमबार पुष्टि गर्नुभयो ।

सरकारले घटनाको जिम्मेवारी निर्धारण गर्न तथा शिविरमा भण्डारण गरिएका विस्फोटक पदार्थको वास्तविक परिमाण पत्ता लगाउन आन्तरिक अनुसन्धानसमेत सुरु गरेको छ । भण्डारण गरिएका केही विस्फोटक पदार्थ जफत गरिएका पटाका रहेको बताइएको छ ।


## संगम बचत तथा ऋण सहकारी संस्था लि.

ख:लाँ, भ.न.पा.-४, भक्तपुर

## निर्वाचन कार्यतालिकासम्बन्धी सूचना

यस संस्थाको सञ्चालक तथा लेखा समितिको सातौँ कार्यकालको निर्वाचन कार्यक्रम २०८३ को लागि निम्नानुसार कार्यतालिका प्रकाशित गरिएको छ ।

**निर्वाचन कार्यक्रम**
**(निर्देशिकाको दफा ४ सँग सम्बन्धित)**

| क्र.सं. | विवरण | मिति | समय |
|---|---|---|---|
| १ | मतदाताको पहिलो नामावली प्रकाशन | २०८३ भाद्र २४ गते | बिहान १० बजे |
| २ | मतदाता नामावलीउपर दाबी विरोध | २०८३ भाद्र २५ र २६ गते | बिहान ७:३० बजेदेखि २:०० बजेसम्म |
| ३ | मतदाताको अन्तिम नामावली प्रकाशन | २०८३ भाद्र २८ गते | बिहान ११ बजे |
| ४ | उम्मेदवारको दर्खास्त | २०८३ भाद्र ३० गते | बिहान ७:३० बजेदेखि २ बजेसम्म |
| ५ | उम्मेदवारको पहिलो नामावली प्रकाशन | २०८३ भाद्र ३१ गते | बिहान १० बजे |
| ६ | उम्मेदवारउपरको दाबी विरोध | २०८३ असोज १ गते | बिहान १० बजेदेखि २ बजेसम्म |
| ७ | दाबी विरोधउपर छानबिन | २०८३ असोज २ गते | |
| ८ | उम्मेदवारको नाम फिर्ता लिने | २०८३ असोज ४ गते | बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म |
| ९ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८३ असोज ५ गते | बिहान १० बजे |
| १० | प्रचार प्रसार कार्यक्रम | २०८३ असोज ५ गतेदेखि ८ गतेसम्म | दिनको ३ बजेसम्म |
| ११ | मतदान प्रारम्भ | २०८३ असोज १० गते | दिनको २ बजेदेखि |
| १२ | मतगणना प्रारम्भ | सोही दिन | मतदान समाप्त भएपछि |

**निर्वाचन समिति**


# जापानलाई चीनमा छोडिएका रासायनिक हतियारहरू पूर्ण रूपमा नष्ट गर्न चीनको दबाब

पेइचिङ, २३ भदौ । (सिआरआई) चीनको परराष्ट्र मन्त्रालयका प्रवक्ता माउ निङले नियमित पत्रकार सम्मेलनमा सीएमजीका पत्रकारको प्रश्नको जवाफ दिनुभयो । रासायनिक हतियार निषेध सङ्गठनको प्रतिनिधिमण्डललाई चीनको निमन्त्रणामा भ्रमण गरी जापानद्वारा छोडिएका रासायनिक हतियारको व्यवस्थापन सुविधाहरूको निरीक्षण गरिएकोबारे पत्रकारले केही विवरण माग गरेका थिए ।

जवाफमा माउ निङले भन्नुभयो, अगस्ट ३१ तारिखदेखि सेप्टेम्बर ५ तारिखसम्म, रासायनिक हतियार निषेध सङ्गठनका महानिर्देशक र कार्यकारी परिषद्का अध्यक्ष तथा रासायनिक हतियार निषेध सङ्गठनका लागि १२ देशका स्थायी प्रतिनिधि र वरिष्ठ कूटनीतिज्ञहरू चीनको निमन्त्रणामा भ्रमणमा आउनुभएको थियो । सो अवसरमा उहाँहरूले चिलिन प्रान्तको हवी छुन, तुनह्वा र हार्बीलिङ आदि स्थान गई जापानद्वारा छोडिएका रासायनिक हतियारहरूको उत्खनन, सङ्कलन र नष्ट गर्ने कार्यस्थलहरूको प्रत्यक्ष अवलोकन गर्नुभयो ।

माउ निङले औँल्याउनुभयो कि यो भ्रमण चिनियाँ जनताको जापान विरुद्धको प्रतिरोध युद्धको विजय दिवस एवम विश्व फासीवादविरोधी युद्धको विजय दिवसको सन्दर्भमा भएको हो । त्यसबेला जापानी सैन्यवादले चीनमाथि आक्रमण गरी ठूलो मानवीय विपत्ति निम्त्यायो र चीनमा जापानद्वारा छोडिएका रासायनिक हतियारको रूपमा एउटा ऐतिहासिक विषाक्त अवशेष पनि छोड्यो । यस भ्रमणमार्फत, सबै पक्षले जापानद्वारा छोडिएका रासायनिक हतियारले चिनियाँ जनताको ज्यान, सम्पत्ति र पारिस्थितिक वातावरणमा पारेको गम्भीर क्षतिलाई अझ राम्ररी बुझेका छन् । उनीहरूले रासायनिक हतियार निषेध सङ्गठनलाई 'रासायनिक हतियार निषेध महासन्धि' को प्रावधान अनुसार जापानलाई चाँडै आफ्नो दायित्व पूरा गर्न, चीनमा छोडिएका रासायनिक हतियारहरूलाई पूर्ण, स्वच्छ र सम्पूर्ण रूपमा नष्ट गर्न र चिनियाँ जनतालाई चाँडोभन्दा चाँडो सुरक्षित भूमि प्रदान गर्न तथा महासन्धिले लिएको 'रासायनिक हतियारविहीन विश्व' को उच्च लक्ष्य प्राप्त गर्न दबाब दिन समर्थन व्यक्त गरेका छन् ।

साथै प्रवक्ता माउले चीन सधैँ एशिया-प्रशान्त क्षेत्रको शान्ति र स्थायित्वको पक्षमा रहेको स्पष्ट पार्नुभयो ।

फिलिपिन्सका रक्षामन्त्रीले अमेरिका-दक्षिण कोरिया संयुक्त सैन्य अभ्याससम्बन्धमा गरेको अभिव्यक्तिको सन्दर्भमा माउ निङले भन्नुभयो, 'चीन सधैँ एशिया-प्रशान्त क्षेत्रको शान्ति र स्थायित्व कायम राख्न प्रतिबद्ध छ । सम्बन्धित देशहरूले पनि क्षेत्रीय शान्ति र स्थायित्वका लागि सकारात्मक भूमिका निर्वाह गरून् भन्ने चीनको अपेक्षा रहेको छ ।'

# जापानी चिप रसायनमा चीनको शुल्क

पेइचिङ, २३ भदौ (एएफपी) । चीनले जापानबाट आयात हुने सेमिकन्डक्टर निर्माणमा प्रयोग हुने डाइक्लोरोसिलेनमा मङ्गलबारदेखि अस्थायी एन्टि-डम्पिङ शुल्क लगाएको छ । चिनियाँ वाणिज्य मन्त्रालयले जापानी कम्पनीबाट भएको डम्पिङले चीनको घरेलु उद्योगलाई क्षति पुगेको प्रारम्भिक प्रमाण भेटिएको जनाएको छ ।

अधिकांश जापानी कम्पनीका लागि शुल्क दर ९९.२ प्रतिशत तोकिएको छ भने डेनल सिलेनका लागि ८०.८ प्रतिशत निर्धारण गरिएको छ । गत जनवरीमा सुरु गरिएको अनुसन्धानपछि चीनले यस्तो कदम चालेको हो ।

जापानका मुख्य क्याबिनेट सचिव मिनोरु किहाराले चीनको निर्णयप्रति कडा विरोध जनाउँदै उक्त कदम फिर्ता लिन आग्रह गरिएको बताउनुभयो । जापानले चीनका निर्यात नियन्त्रणसम्बन्धी कदमको उचित जवाफ दिने उहाँले बताउनुभयो ।

चीनको यो निर्णय जापान र चीनबिच ताइवानलगायतका विषयमा पछिल्लो समय देखिएको कूटनीतिक मतभेदका बिच आएको हो ।

चिनियाँ मन्त्रालयले अस्थायी शुल्क कहिलेसम्म कायम रहने वा अन्तिम निर्णय कहिले हुने भन्ने समयसीमा तोकेको छैन ।

# एट्लान्टिकको जोखिमपूर्ण यात्रामा अलपत्र एक हजारभन्दा बढी आप्रवासीको उद्धार

डाकार, २३ भदौ (एएफपी) । युरोप पुग्ने प्रयासमा एट्लान्टिक महासागरको जोखिमपूर्ण मार्ग हुँदै यात्रा गरिरहेका एक हजार भन्दा बढी आप्रवासीलाई पश्चिम अफ्रिकाको तटीय क्षेत्रबाट एक साताभित्र उद्धार गरिएको 'डाक्टर्स विदाउट बोर्डर्स' (एमएसएफ)ले जनाएको छ ।

सोमबार जारी विज्ञप्तिमा एमएसएफले जनाएअनुसार, उद्धार गरिएका एक हजार ४६ जना सातवटा डुङ्गामा सवार थिए । ती सबै डुङ्गा गाम्बियाबाट स्पेनको क्यानरी टापुतर्फ जाँदै गर्दा समुद्रमा अलपत्र परेका थिए ।

अगस्टको अन्तिम साता उद्धार गरिएका उनीहरूलाई मौरिटानियाको नोआधिबु तथा सेनेगलका रोसो र डाकारमा ल्याइएको एमएसएफले जनाएको छ ।

वर्षौंदेखि हजारौं मानिस, विशेषगरी युवा, क्यानरी टापु हुँदै युरोप पुग्ने प्रयासमा अत्यधिक यात्रु बोकेका र प्रायः जीर्ण अवस्थामा रहेका डुङ्गामार्फत एट्लान्टिक महासागरको जोखिमपूर्ण यात्रा गर्दै आएका छन् ।

युरोपेली मुलुकले भिसा जारी गर्ने प्रक्रियामा कडाइ गर्नुका साथै सीमामा निगरानी र नियन्त्रण बढाएपछि गरिबी तथा कठिन परिस्थितिबाट भाग्न खोज्ने धेरै मानिस असुरक्षित र अवैध समुद्री मार्ग रोज्न बाध्य भएका छन् ।

एमएसएफका अनुसार उद्धार गरिएकामध्ये धेरैमा गम्भीर जलवियोजन, बेहोसी, हड्डी भाँचिएको, अत्यधिक थकान तथा छाला, पेट र श्वासप्रश्वाससम्बन्धी सङ्क्रमण देखिएको थियो ।

यात्राका क्रममा आफ्ना प्रियजनको मृत्यु देखेका कारण धेरै आप्रवासीमा गहिरो मनोवैज्ञानिक असर परेको पनि एमएसएफले जनाएको छ ।

# लोककल्याणकारी विज्ञापनको रकम कटौती
# प्रेसलाई कमजोर पार्ने सरकारी नीति कि नियन्त्रणको नयाँ रणनीति ?

✍ रमेशकुमार बोहोरा

सरकारले स्वरोजगारमूलक छापा सञ्चारमाध्यमलाई उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने निर्णय गरेपछि त्यसको प्रत्यक्ष असर केवल सञ्चार संस्थाको आम्दानीमा मात्र सीमित हुने देखिएको छैन । यसले प्रेसको आर्थिक आधार, पत्रकारको पेसागत सुरक्षा र नागरिकको सूचनाको अधिकारमाथि समेत गम्भीर प्रश्न खडा गरेको छ । सरकारले आर्थिक सङ्कटबाट गुज्रिरहेका छापा माध्यमलाई राहत र संरक्षण दिनुपर्ने समयमा उल्टै उनीहरूको मुख्य आयस्रोतमा प्रहार गरेपछि नेपाल पत्रकार महासङ्घ काठमाडौँ शाखाले यसलाई सामान्य प्रशासनिक निर्णय नभई प्रेस स्वतन्त्रतासँग जोडिएको विषयका रूपमा लिएको छ ।

२०८३ भदौ ५ गते शुक्रबार सरकारले लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने निर्णय गरेपछि छापा माध्यमका सम्पादक तथा प्रकाशकहरूबिच असन्तुष्टि चुलिएको हो । त्यसको प्रतिवादमा नेपाल पत्रकार महासङ्घ काठमाडौँ शाखाले सरकारलाई निर्णय तत्काल फिर्ता लिन चेतावनी दिँदै माग पूरा नभए चरणबद्ध आन्दोलनमा जाने घोषणा गरिसकेको छ । शाखाले लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने निर्णयले विशेष गरी दैनिक, साप्ताहिक, पाक्षिक र मासिकलगायत साना लगानी तथा स्वरोजगारमूलक पत्रपत्रिकाको अस्तित्वमाथि नै सङ्कट उत्पन्न गर्न सक्ने जनाएको छ ।

यसै विषयमा काठमाडौँ शाखाले विभिन्न छापा माध्यमका सम्पादक तथा प्रकाशकसँग राय-सुझाव सङ्कलन गरेपछि दामोदरप्रसाद दवाडीको संयोजकत्वमा 'छापा माध्यम बचाउ सुझाव कार्यदल' गठन गरेको थियो । कार्यदलमा डा. केशव देवकोटा, टङ्क कार्की, हेमराज सिलवाल, मुक्ति बास्तोला, विश्वराज किराँत, सीता पोखरेल, नृपेन्द्रलाल श्रेष्ठ, डिल्लीराम भट्टराई, पदमराज जोशी, देवेन्द्र चुडाल र कल्पना खड्का सदस्य रहेका छन् । कार्यदलले गरेको अध्ययन, छलफल र प्राप्त सुझावका आधारमा सरकारको निर्णय सच्याउन दबाब दिने मात्र होइन, आवश्यक परे आन्दोलनमा जाने स्पष्ट खाका अघि सारेको छ ।

कार्यदलको निष्कर्षमा सबैभन्दा महत्त्वपूर्ण माग लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि २०८३ मा गरिएको पहिलो संशोधन पूर्ण रूपमा खारेज गर्नुपर्ने रहेको छ । कार्यदलले समय, बजार मूल्य, मुद्रण लागत, कागज तथा वितरण खर्चलगायतका आधारमा लोककल्याणकारी विज्ञापनको रकम कटौती होइन, बरु समयअनुकूल पुनरावलोकन गरी दोब्बर गर्नुपर्ने माग अघि सारेको छ । यसले सरकारको वर्तमान नीतिमाथि एउटा आधारभूत प्रश्न उठाएको छ । छापा माध्यमको लागत निरन्तर बढिरहेको बेला राज्यले दिने संस्थागत सहयोग घटाउनुको औचित्य के हो ?

लोककल्याणकारी विज्ञापनलाई सरकारले कुनै राजनीतिक दल, मन्त्री वा सरकारको व्यक्तिगत कृपाजस्तो व्यवहार गर्नु नै समस्या भएको सञ्चार क्षेत्रको निष्कर्ष छ । सार्वजनिक सूचना नागरिकसम्म पुर्‍याउने काम राज्यको दायित्व हो । त्यसका लागि सञ्चारमाध्यमले आफ्नो पूर्वाधार, जनशक्ति, सम्पादकीय संयन्त्र र वितरण प्रणाली प्रयोग गर्छन् । त्यसैले सार्वजनिक सूचना प्रकाशन गरेबापत राज्यले उपलब्ध गराउने रकमलाई 'अनुदान' वा 'कृपा' को भाषामा बुझ्नु नै गलत हो ।

सरकारका नीति र निर्णयमाथि प्रश्न उठाउने, आलोचना गर्ने र नागरिकका पक्षमा खबरदारी गर्ने सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउने नीति कतै अप्रत्यक्ष नियन्त्रणको माध्यम त बनिरहेको छैन ? काठमाडौँ शाखाको आरोप छ । सरकारले सञ्चारमाध्यमलाई संरक्षण र प्रोत्साहन गर्नुपर्ने अवस्थामा उल्टै आर्थिक सङ्कट थप गहिरो बनाउने निर्णय गरेको छ । विशेष गरी ठुला व्यावसायिक घराना वा पर्याप्त वैकल्पिक आम्दानी भएका सञ्चारगृहभन्दा सीमित लगानी, आफ्नै श्रम र पेसागत प्रतिबद्धताका आधारमा सञ्चालित पत्रपत्रिकामाथि यसको असर बढी पर्न सक्छ । एउटा साप्ताहिक वा पाक्षिक पत्रिका बन्द हुनु केवल एउटा पत्रिका बन्द हुनु होइन, त्यससँग जोडिएका पत्रकार, कर्मचारी, वितरक, मुद्रक र पाठकको सूचना पहुँचमा समेत असर पर्नु हो ।

यही वास्तविकतालाई ध्यानमा राख्दै कार्यदलले संशोधित कार्यविधि खारेज नभएसम्म कटौती गरिएको रकमअनुसार छापा माध्यमले बिल नबुझाउने वातावरण बनाउन नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिलाई आग्रह गर्ने सुझाव दिएको छ । महासङ्घले देशभरका छापा माध्यमसँग समन्वय गरी सामूहिक दबाब सिर्जना गर्नुपर्ने कार्यदलको निष्कर्ष छ ।

कार्यदलले विज्ञापन बोर्डको भूमिकामाथि प्रश्न उठाएको छ । सञ्चारमाध्यमलाई विज्ञापन बोर्डमा सूचीकरण गराउने व्यवस्था तत्काल हटाउनुपर्ने तथा लोककल्याणकारीलगायत सम्पूर्ण विज्ञापनबाट बोर्डले कटाउँदै आएको ३ प्रतिशत रकम खारेज गर्नुपर्ने माग अघि सारिएको छ । सञ्चारमाध्यमको आर्थिक अवस्था कमजोर भइरहेको बेला विज्ञापनको रकमबाट थप प्रशासनिक कटौती गर्नुको औचित्यमाथि कार्यदलले प्रश्न उठाएको हो ।

त्यस्तै राष्ट्रिय समाचार समिति (रासस) बाट प्रकाशित समाचार बुलेटिनको मूल्यमा गरिएको ठुलो वृद्धि पनि छापा माध्यमका लागि अर्को आर्थिक भार बनेको कार्यदलको ठहर छ । समाचार सामग्री सञ्चारमाध्यमलाई न्यूनतम र व्यवहारिक मूल्यमा समाचार बुलेटिन उपलब्ध गराउनुपर्ने माग कार्यदलले अघि सारेको छ । राज्यका सञ्चार संरचनाले नै निजी तथा स्वरोजगारमूलक सञ्चारमाध्यमलाई अतिरिक्त आर्थिक बोझ थप्ने हो भने सञ्चार क्षेत्रको संरक्षणसम्बन्धी सरकारी प्रतिबद्धता कागजमै सीमित हुने देखिन्छ ।

सरकारको सञ्चार नीति र व्यवहारबिचको विरोधाभास पनि यहीँ देखिन्छ । एकातिर सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गर्छ, अर्कोतिर सरकारी विज्ञापन तथा सार्वजनिक सूचनामा निजी क्षेत्रका सञ्चारमाध्यमलाई निषेध गर्ने प्रयास हुन्छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवस्तरीय निर्णयमार्फत निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनबाट निषेध गर्ने प्रयास सर्वोच्च अदालतबाट खारेज भइसकेको अवस्थामा त्यसको मर्मविपरीत कार्यविधि संशोधनमार्फत अप्रत्यक्ष बन्देज लगाउने प्रयास स्वीकार्य नहुने कार्यदलको निष्कर्ष छ ।

अदालतको आदेशपछि पनि नीतिगत बाटोबाट त्यही उद्देश्य प्राप्त गर्न खोजिन्छ भने त्यो लोकतान्त्रिक शासन व्यवस्थाका लागि गम्भीर प्रश्न हो । प्रशासनिक निर्णय बदलेर अदालतको आदेशको भावनालाई निष्प्रभावी बनाउने अभ्यास लोकतान्त्रिक शासन प्रणालीको मूल मर्मसँग मेल खाँदैन । सरकार सञ्चारमाध्यमप्रति जवाफदेही हुनुपर्ने हो, सञ्चारमाध्यमलाई आफ्नो नियन्त्रणमा राख्ने होइन ।

सरकारी विज्ञापन वितरणमा देखिएको अर्को समस्या विभेद र अपारदर्शिता हो । कार्यदलले समानुपातिक विज्ञापन प्रणाली लागू गर्नुपर्ने माग गरेको छ । सञ्चारमाध्यमको पहुँच, लगानी, प्रसार, प्रकाशनको नियमितता र अन्य वस्तुगत आधारलाई ध्यानमा राखेर पारदर्शी मापदण्ड बनाउन सकिने भए पनि राजनीतिक पहुँच, निकटता वा प्रशासनिक निर्णयका आधारमा विज्ञापन वितरण हुने अवस्था अन्त्य गर्नुपर्ने आवाज उठेको छ ।

लोककल्याणकारी विज्ञापनको रकम कटौतीको विरोधमा काठमाडौँ शाखाले तत्काल आन्दोलनमा जानेभन्दा पहिले संवाद र दबाबको बाटो अपनाउने रणनीति अघि सारेको छ । कार्यदलले सूचना तथा सञ्रुचार मन्त्रीलाई निश्चित समयसीमा तोकेर ज्ञापनपत्र बुझाउने, सम्बन्धित सरकारी निकाय र राजनीतिक दलका नेताहरूसँग भेटघाट गर्ने तथा माग सम्बोधनका लागि दबाब सिर्जना गर्ने सुझाव दिएको छ । त्यसबाट पनि समस्या समाधान नभए विज्ञापन बोर्डमा तालाबन्दीलगायत भौतिक आन्दोलनका कार्यक्रम अघि बढाउनुपर्ने प्रस्ताव गरिएको छ ।

यो रणनीतिले सरकारलाई एउटा स्पष्ट सन्देश दिएको छ । सञ्चार क्षेत्र अब आफ्नो अस्तित्वमाथि हुने आर्थिक प्रहारलाई सामान्य प्रशासनिक निर्णयका रूपमा स्वीकार गर्ने अवस्थामा छैन । लामो समयदेखि आर्थिक सङ्कट झेलिरहेका सञ्चारमाध्यमका लागि लोककल्याणकारी विज्ञापन धेरै अवस्थामा नियमित प्रकाशनलाई निरन्तरता दिने आधार बनेको छ । त्यसमा कटौती हुँदा मुद्रण, कागज, कर्मचारी पारिश्रमिक, वितरण तथा कार्यालय सञ्चालनको खर्च धान्न कठिन हुने जोखिम बढ्छ ।

यसको प्रत्यक्ष असर पत्रकारको रोजगारीमा पर्न सक्छ । सञ्चार संस्था आर्थिक रूपमा कमजोर भएपछि पहिलो असर जनशक्ति कटौतीमा पर्न सक्छ । त्यसपछि प्रकाशनको नियमितता प्रभावित हुन्छ, पृष्ठ सङ्ख्या घट्छ, पारिश्रमिक रोकिन सक्छ र अन्ततः संस्था बन्द हुने अवस्था आउन सक्छ । त्यसैले लोककल्याणकारी विज्ञापनको रकम कटौतीलाई केवल 'विज्ञापनको रकम घटेको' विषयका रूपमा हेर्नु वास्तविक समस्याबाट भाग्नु हो ।

नेपाल पत्रकार महासङ्घ काठमाडौँ शाखाले सरकारलाई दिएको चेतावनी पनि यही कारण अर्थपूर्ण छ । शाखाले निर्णय नसच्याए देशभरका पत्रकार, सम्पादक, प्रकाशक, सञ्चारमाध्यम तथा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधर सङ्घ-संस्थासँग समन्वय र सहकार्य गरी चरणबद्ध आन्दोलन सञ्चालन गर्ने जनाएको छ । आन्दोलनबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवारी सरकार स्वयंले लिनुपर्ने चेतावनीसमेत दिइएको छ ।

अब सरकारसामु दुई विकल्प छन् । पहिलो–सञ्चार क्षेत्रबाट उठेको गम्भीर आवाजलाई बेवास्ता गर्दै कटौतीको निर्णय कार्यान्वयन गर्ने र त्यसबाट उत्पन्न हुने असन्तुष्टिलाई आन्दोलनका रूपमा सामना गर्ने । दोस्रो–निर्णय पुनरावलोकन गरी संवादमार्फत समस्या समाधान गर्ने र स्वरोजगारमूलक सञ्चारमाध्यमलाई बचाउने दीर्घकालीन नीति बनाउने । लोकतान्त्रिक सरकारका लागि दोस्रो विकल्प नै स्वाभाविक र जिम्मेवार विकल्प हो ।

सरकारले बुझ्नुपर्ने कुरा के हो भने प्रेसलाई आर्थिक रूपमा कमजोर बनाएर राज्य बलियो हुँदैन । आलोचनात्मक आवाज दबाएर लोकतन्त्र बलियो हुँदैन । सरकारी विज्ञापनलाई नियन्त्रणको औजार बनाएर नागरिकको सूचनाको अधिकार सुरक्षित हुँदैन । बरु स्वतन्त्र, सबल र आर्थिक रूपमा टिकाउ सञ्चारमाध्यम लोकतन्त्रको सुरक्षाकवच हुन् ।

त्यसैले अहिलेको प्रश्न केवल लोककल्याणकारी विज्ञापनको केही रकम घटाउने वा नघटाउने भन्ने होइन । प्रश्न राज्यले स्वतन्त्र प्रेसलाई साझेदारका रूपमा हेर्छ कि नियन्त्रण गर्नुपर्ने क्षेत्रका रूपमा ? प्रश्न सरकार नागरिकलाई सूचना दिने सञ्चारमाध्यमको संरक्षण गर्न चाहन्छ कि आर्थिक रूपमा कमजोर बनाएर उसको प्रभाव सीमित गर्न चाहन्छ ? र सबैभन्दा महत्त्वपूर्ण प्रश्न लोकतन्त्रको चौथो अङ्गलाई बलियो बनाउने कि सरकारी निर्णयको विरोध गर्न नसक्ने आर्थिक रूपमा निर्भर प्रेस निर्माण गर्ने ? यी प्रश्नको जवाफ सरकारले व्यवहारबाट दिनुपर्ने समय आएको छ ।

लोककल्याणकारी विज्ञापन कुनै सरकारको दया होइन । यो सार्वजनिक सूचना प्रवाह गर्ने सञ्चारमाध्यमको संस्थागत भूमिकाप्रति राज्यको दायित्व हो । त्यसैले कटौती गरिएको रकम फिर्ता गर्नु मात्र पर्याप्त हुँदैन । कार्यविधि पुनरावलोकन गरी समयअनुकूल विज्ञापन रकम वृद्धि गर्नुपर्ने, समानुपातिक र पारदर्शी विज्ञापन प्रणाली लागू गर्नुपर्ने, विज्ञापन बोर्डको ३ प्रतिशत कटौती अन्त्य गर्नुपर्ने, निजी सञ्चारमाध्यमलाई सरकारी सूचनाबाट निषेध गर्ने कुनै पनि अप्रत्यक्ष नीति रोक्नुपर्ने र राससको बुलेटिन शुल्कलाई व्यवहारिक बनाउनुपर्ने आवश्यकता छ । सरकारले अझै समयमै संवाद र समाधानको बाटो रोज्न सक्छ । अन्यथा आज लोककल्याणकारी विज्ञापनको रकमबाट सुरु भएको असन्तुष्टि भोलि प्रेस स्वतन्त्रता, पत्रकारको रोजगारी र नागरिकको सूचनाको अधिकारको व्यापक आन्दोलनमा परिणत हुन सक्छ ।

सञ्चारमाध्यमलाई कमजोर पारेर सत्ता बलियो बनाउन खोज्ने कुनै पनि नीति अन्ततः लोकतन्त्रकै लागि महँगो साबित हुन्छ । त्यसैले सरकार तत्काल निर्णय फिर्ता लेओस्, संशोधित कार्यविधि खारेज गरोस् र छापा माध्यम बचाउने दीर्घकालीन नीति अघि सारोस् । अन्यथा सरकारको यो निर्णय इतिहासमा केवल एउटा विज्ञापनको रकम कटौतीको निर्णयका रूपमा होइन, स्वतन्त्र प्रेसको आर्थिक आधार कमजोर पार्ने विवादास्पद नीतिका रूपमा दर्ज हुन सक्नेछ ।

***- लेखक नेपाल पत्रकार महासङ्घ काठमाडौँ शाखाका सचिव हुनुहुन्छ ।***

---

*तेल...*

तेल सम्झौतासँग जोडिएको सबैभन्दा ठुलो चिन्ताजनक पक्षमध्ये एक भनेको भविष्यमा स्वतन्त्र चुनावमार्फत बनेको सरकारले यी कानुनी सम्झौता असंवैधानिक भएको आधारमा यसको वैधता अस्वीकार गर्ने वा मान्यता नदिने सम्भावना हो । त्यसैगरी, भेनेजुयलाको वर्तमान सत्तारूढ दलले पनि यदि आफूलाई पुनः अमेरिकाको प्रभुत्वलाई चुनौती दिन पर्याप्त बलियो ठाने भने, यस सम्झौताका सर्तहरू अस्वीकार गर्न सक्छ ।

कानुनी शासनसम्बन्धी चिन्ताहरू बाहेक, अर्को महत्त्वपूर्ण विषय पनि NABEP को सञ्चालन अध्यक्षका रूपमा आलेहान्द्रो बेटानकोर्टको संलग्नता हो ।

राज्य विभागले उनको विगतलाई सफा गर्ने प्रयास गरे पनि, बेटानकोर्टको रेकर्ड अनिश्चित छ । उनीमाथि विगतमा घूस, लागत बढाउने र राज्य (स्वामित्वको कम्पनी PDVSA द्वारा सञ्चालन गरिएका विद्युत् परियोजनामा प्रभाव प्रयोग गर्ने जस्ता अनेक भ्रष्टाचार मुद्दा लगाइएका थिए ।

त्यसैगरी, भेनेजुयलाको तेल उत्पादनमा वास्तविक र व्यवहारिक वृद्धि सम्भव भए पनि, यो प्रक्रिया उत्कृष्ट अवस्थामा पनि केही वर्ष लाग्नेछ । यसले ट्रम्प प्रशासनका वरिष्ठ अधिकारीहरूले प्रयोग गरेको आशावादी भाषणलाई खण्डन गर्छ, जसले सम्झौताले तत्काल उत्पादन बढाउने दाबी गरेका थिए । यति छिटो प्रगति गर्न ठुलो लगानी आवश्यक पर्छ, जुन अहिले सुनिश्चित छैन ।




***भेनेजुयलाको तेल क्षेत्र र पाइपलाइन***

**एक 'अर्धगोलार्धीय' रणनीति**

तेल सम्झौताको अनुमोदन अमेरिकी सरकारद्वारा अपनाएको ( Hemispheric) 'अर्धगोलार्धी' रणनीतिको हिस्सा हो, जसको उद्देश्य यस क्षेत्रमा हराएको प्रभाव पुनः प्राप्त गर्नु हो । यो रणनीति ट्रम्प प्रशासनको सन् २०२५ को राष्ट्रिय सुरक्षा रणनीति र त्यसपछिका विदेश नीति दस्तावेजहरूमा उल्लेख गरिएको छ, जसले पश्चिमी गोलार्द्धलाई अमेरिकाको रणनीतिक प्रभाव क्षेत्रको रूपमा परिभाषित गरेको छ । यस सन्दर्भमा, अमेरिकी सरकारले भेनेजुयलालाई उसका ऊर्जा स्रोतहरू : विशेषगरी विशाल प्रमाणित तेल भण्डार र आफ्नो भूभागसँगको निकटताका कारण एउटा रणनीतिक भूराजनीतिक केन्द्रबिन्दुको रूपमा हेर्छ ।

यस आधारमा, अमेरिकी सरकारले भेनेजुयलाको तेल भण्डार नियन्त्रणलाई राष्ट्रिय सुरक्षासँगको प्रत्यक्ष सम्बन्धित विषय मानेको छ, जुन यसको (SPR) 'स्ट्राटेजिक पेट्रोलियम रिजर्भ' कायम राख्न जोडिएको छ । यो दृष्टिकोण विशेष गरी सान्दर्भिक छ, किनकि वासिङ्गटनले चीन, रूस, इरान र उत्तर कोरियाजस्ता आफ्ना शत्रु मानिएका देशहरूलाई भेनेजुयलाको तेल उद्योगमा सहभागी हुन रोकिरहेको छ ।

अमेरिकी सरकारले अमेरिका महादेशभर आफ्नो प्रभुत्व सुरक्षित गर्न उपलब्ध राष्ट्रिय उपकरण (कुनै पनि चालबाजी) प्रयोग गर्न हिच्किचाएको छैन । वास्तवमा, अमेरिकाले आर्थिक कदमहरू चालिरहेको छ, साथै सैन्य कारबाही र राजनीतिक प्रभाव प्रयोग गर्दै अन्य देशहरूलाई आफ्ना घोषित शत्रुहरू; विशेष गरी चीनसँग व्यापार नगर्न र अझ बढी महत्त्वपूर्ण रूपमा उनीहरूलाई यस क्षेत्रभरका महत्त्वपूर्ण पूर्वाधार परियोजनामा सहभागी हुन नदिन दबाब दिइरहेको छ ।

**भेनेजुयलाको राजनीतिक सङ्क्रमण**

जनवरीमा मादुरोलाई सत्ताबाट हटाएपछि, अमेरिकी सरकारले भेनेजुयलामा स्थिरता, आर्थिक पुर्नउत्थान र राजनीतिक सुधारलाई प्रवर्द्धन गर्न तीन चरणको योजना सुरु गरेको छ । यस योजनाको अन्तिम उद्देश्य स्वतन्त्र र लोकतान्त्रिक चुनाव गराउनु हो, जसले देशको प्रशासन/प्राधिकरणहरूलाई ( आधिकारिक) वैध बनाउने र अन्तर्राष्ट्रिय क्षेत्रमा पुनः समावेश गर्ने मार्ग खोल्नेछ ।

यस साताको तेल सम्झौताको घोषणा हुनुअघिदेखि विभिन्न विपक्षी नेताहरूले आगामी राष्ट्रपति चुनावमा सहभागी हुने रणनीति बनाइरहेका छन् । उनीहरूले निर्वाचन प्रक्रियालाई सार्वभौमिकता पुनः प्राप्त गर्ने पहिलो कदम तथा तेल व्यवसायमा आधारित दीर्घकालीन साझेदारी अमेरिकासँग स्थापना गर्ने अवसरको रूपमा हेरेका थिए ।

तर, ट्रम्प प्रशासनको योजना फरक दिशामा र आफ्नै गतिमा अघि बढेको छ । वाशिङटनका लागि भेनेजुयलाको तेल भण्डारमा पहुँच र नियन्त्रण सुनिश्चित गर्नु लोकतान्त्रिक सङ्क्रमणलाई प्रोत्साहन गर्नुभन्दा पहिलो प्राथमिकता थियो ।

विदेशमन्त्री मार्को रुबियोसहितका शीर्ष अमेरिकी अधिकारीहरूले हालै तेल सम्झौता आफ्नै तीन चरणको योजनासम्म सीमित रहेको बताएका छन् । तर, वास्तविकता भनेको अमेरिकाले भविष्यमा कुनै पनि सरकारले यसको सर्त र अवस्थालाई परिवर्तन गर्न नपाउने स्पष्ट गरेको छ ।

वर्तमान परिस्थितिमा, भेनेजुयलाको राजनीतिमा संलग्न प्रायः सबै पक्षहरूले अमेरिकाको सहभातिमा प्राथमिकता दिने तेल सम्झौतामा समर्थन जनाएका छन् । तर विपक्षी नेताहरूमध्येमा एक, हाल देशकी सबैभन्दा लोकप्रिय राजनीतिज्ञ मारिया कोरिना माचाडोले भने वैधता नभएकी अन्तरिम नेतृ डेल्सी रोड्रिगेजले यो सम्झौता हस्ताक्षर गरेकोमा चिन्ता व्यक्त गरेकी छिन् ।

यद्यपि माचाडोले भविष्यमा लोकतान्त्रिक सरकार बनेपछि सम्झौताका सर्तहरू अस्वीकार गर्ने ग्यारेन्टी दिएकी छैनन् । उनको धारणा ट्रम्पको उद्देश्य स्वतन्त्र चुनावलाई प्रोत्साहन गर्नुको सट्टा डेल्सी रोड्रिगेजलाई सत्तामा कायम राख्न प्रेरित भएको भन्ने विचारलाई बल दिन सक्छ ।

यी चिन्ताहरू हालै बढेका छन्, किनकि अमेरिकी राष्ट्रपति स्वयम्ले सार्वजनिक रूपमा भेनेजुयला छोटो अवधिमा चुनावका लागि तयार नभएको बताएका छन् ।

अन्ततः, तेल सम्झौताको प्रभावकारिता र भेनेजुयलाको राजनीतिक सङ्क्रमणमा यसको असर विभिन्न आन्तरिक तथा बाह्य राजनीतिक, कानुनी र आर्थिक कारकहरूको मेलमिलापमा निर्भर रहनेछ ।

हालका लागि, अमेरिकी सरकारले नै देशको भविष्य निर्धारण गर्ने अन्तिम अधिकार राखेको छ, जसले भेनेजुयलाको जनतालाई आफ्नो आत्मनिर्णयको अधिकार गुमाउन बाध्य बनाएको छ ।

***साक्षरता...***

केन्द्रलाई सुरक्षित, स्वच्छ र आधुनिक बाल विकास केन्द्रका रूपमा विकास गर्नुपर्ने उहाँको भनाइ थियो ।

भक्तपुर नगरपालिकाका निवर्तमान प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले भक्तपुरको पूर्वी क्षेत्रमा अवस्थित यस केन्द्र बालबालिकाको रोजाइको केन्द्र बन्ने विश्वास व्यक्त गर्नुभयो ।

स्थानीय सरकारले गरेको यो काम प्रशंसनीय रहेको उल्लेख गर्दै उहाँले सङ्घीय सरकारसँग समेत समन्वय गरी अघि बढ्नुपर्ने बताउनुभयो ।

ख्वप अस्पतालका बालरोग विशेषज्ञ डा. विजयकुमार चिकंबन्जारले बालबालिकालाई सानैदेखि राम्रो वातावरण दिन सके सोहीअनुसार उनीहरूको व्यक्तित्व विकास हुने बताउनुभयो ।

शिशुस्याहार केन्द्रमा बालबालिकालाई राख्नु उनीहरूको सुनौलो भविष्य निर्माणका लागि महत्त्वपूर्ण रहेको उल्लेख गर्दै उहाँले केन्द्रमा नियमित स्वास्थ्य परीक्षण शिविर सञ्चालन कार्य प्रशंसनीय रहेको बताउनुभयो ।

बालविकास विशेषज्ञ तथा शिक्षिका देवना जोशीले शिशुस्याहार केन्द्र बालबालिकाको सुरक्षित, स्वस्थ र भावनात्मक अवस्था विकास गर्ने माध्यम भएको बताउनुभयो ।

शिशुस्याहार केन्द्र र अभिभावकबिचको सम्बन्ध तथा सञ्चार महत्त्वपूर्ण रहेको उल्लेख गर्दै उहाँले बालबालिकालाई छुट्टै व्यक्तित्वका रूपमा बुझेर मायालु र सुरक्षित वातावरणमा हुर्काउनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिका-१० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले नगरपालिकाको घोषणापत्रमा उल्लेख भएअनुसार वडा-वडामा शिशुस्याहार केन्द्र सञ्चालन गर्ने कार्य भइरहेको बताउनुभयो । उहाँले वडाको विकास तथा निर्माणका गतिविधिबारे जानकारी दिनुभयो ।

शिशुस्याहार तथा बालविकास केन्द्रका प्रमुख दीपेन्द्र प्रजापतिले विभिन्न शिशुस्याहार केन्द्रमा बालबालिकाको भर्ना अवस्था तथा केन्द्र सञ्चालनको अनुभवबारे जानकारी दिनुभयो । उहाँले केन्द्रमा बालबालिकाको सुरक्षा, बालमैत्री तथा सिर्जनात्मक गतिविधि र पोषणमा विशेष ध्यान दिइएको बताउनुभयो ।

केन्द्र बिहान ९:३० बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुने जनाइएको छ ।



***नेपालमा...***

कार्यक्रममा ख्वप कलेज अफ लका उपप्राध्यापक अ.सुलभजङ रायमाझीले 'जलवायु कानुनका जटिलता' विषयक प्रस्तुतीकरण राख्दै जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनहरू धनी देशहरूको देशीय र वर्गीय स्वार्थको कारण लागू हुन नसकिरहेको बताउनुभयो ।

मजदुर दैनिकका प्रकाशक एवं सम्पादक उद्धव सुजखुको सभापतित्वमा सम्पन्न कार्यक्रममा ख्वप ई.कलेजका उपप्राचार्य ई. रत्नशोभा प्रजापति, लेखक सुरेश परियार र विद्यार्थी प्रतिनिधि सुजी हेंगजूले पनि भोटेकोसी बाढी, वातावरण संरक्षण र जलवायु परिवर्तनबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रमको सुरुआतमा भदौ १० भोटेकोसी बाढीमा परी दिवङ्गत भएका र बेपत्ता भएकाहरूप्रति श्रद्धासुमनस्वरूप एक मिनेट मौनधारण गरिएको थियो ।

हार्दिक समवेदना



जन्म
२०४१/०९/०४

स्वर्गारोहण
२०८३/०५/१५

यस २४ गते दाजुभाइ समूहका सदस्य **छत्रबहादुर मानन्धर**को असामयिक निधन भएको आज दसौं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**२४ गते दाजुभाइ समूह**
भक्तपुर

हार्दिक समवेदना



भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ७, इनाचो टोल बस्ने यस सङ्घका सदस्य लक्ष्मीसुन्दर दुमरुकी ममतामयी आमा **केशरी दुमरू**को दुःखद निधन भएको आठौं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म : २०००/०७/१५
निधन: २०८३/०५/१७

**नेपाल क्रान्तिकारी युवा सङ्घ**
भक्तपुर नगरपालिका-७, इनाचो, चोर्चा, भक्तपुर

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ११०

**डिजिटल युगमा एल्गोरिदम प्रभाव**

एल्गोरिदम भनेको कुनै पनि समस्या समाधान गर्न वा निश्चित कार्य सम्पादन गर्नका लागि बनाइएको चरणबद्ध निर्देशनहरूको (set of step–by–step instructions) समूह हो । आजको डिजिटल संसारमा, विशेष गरी सामाजिक सञ्जालहरू (फेसबुक, टिकटक, इन्स्टाग्राम, रिल्स, युट्युब आदि) हरूमा निर्देशित एल्गोरिदम (Recommended Algorithm) ले मेरुदण्डको रूपमा काम गरिरहेको हुन्छ । प्रयोगकर्ताहरूले के हेर्ने, के सुन्ने र कस्तो धारणा बनाउने भन्ने सूक्ष्म रूपमा निर्धारण गर्छन् । एल्गोरिदमले कुन कुरा सत्य हो ?, कुन कुरा झूटो हो भन्ने कुरासँग सरोकार राख्दैन । यसले सत्यताभन्दा संलग्नता (Engagement Over Truth) सँग मात्र मतलब राख्दछ । जुन कुराले बढी प्रयोगकर्ताको ध्यान तानिरहेको छ । विभिन्न यन्त्र चल्नको लागि इन्धनको आवश्यकता परेजस्तै एल्गोरिदम चल्नको लागि पनि इन्धनको आवश्यकता पर्दछ । सो इन्धन भनेको प्रयोगकर्ताको व्यक्तिगत डेटा हो । सो डेटा विभिन्न स्रोत माइनिङ कम्पनीहरूबाट पनि प्राप्त भएको हुन्छ ।

**सामाजिक सञ्जालमा एल्गोरिदमको मुख्य उद्देश्य**

सामाजिक सञ्जालमा एल्गोरिदमको मुख्य उद्देश्य Attention Economy मा आधारित हुन्छ । Attention Economy के आधारमा हाल एप निर्माण गर्ने कम्पनीले प्रयोगकर्ताको समयलाई नै उनीहरूको आम्दानीको स्रोत बनाइरहेको पाइन्छ । मानव जातिले गर्ने ध्यान सीमित हुन्छ, एकै पटक हामीले धेरै कुरामा पूर्ण ध्यान दिन सक्दैनौं, विशेष गरी सामाजिक सञ्जाल युट्युब, टिकटक, इन्स्टाग्राम आदिले मानव जातिको ध्यान क्याप्चर (capture) गर्न प्रतिस्पर्धा गर्छन् । (capture) गरेपछि यी कम्पनीहरूले हाम्रो ध्यान विज्ञापनदाताहरूलाई बिक्री गरेर नाफा आर्जन गर्छ । फेसबुक, इन्स्टाग्रामका (फ्री सेवा) मा रहेको, दिइएको सम्पत्ति हाम्रो ध्यान र समय नै हो (Attention economy) । नेपालमा पनि टिकटक, फेसबुक, इन्स्टाग्राममा घण्टौं बिताउने मानिसहरूको सङ्ख्या दिन प्रतिदिन बढिरहेको छ । अझ युवाहरूको त यसप्रति अझ बढी लगाव देखिन्छ । जेनजी आन्दोलनजस्ता घटनामा सामाजिक सञ्जालले कसरी Attention (ध्यान) तान्ने र spread out (फैलाउँछ) भन्ने विषय सबैलाई थाहा नै छ । आजको डिजिटल संसारमा सबैभन्दा ठुलो प्रतिस्पर्धा पैसा होइन, ध्यान (viewers को attention) हो ।

**एल्गोरिदमले सामाजिक सञ्जालहरूमा कसरी काम गर्दछ ?**

सामाजिक सञ्जालहरूमा एल्गोरिदम मुख्यतया मेशिन लर्निङमा आधारित भएर काम गर्दछ । Machine Learning भनेको साधारणतया कम्प्युटरलाई कुनै काम गर्नको लागि मानिसले 'स्टेप बाई-स्टेप' निर्देशन (Programming) दिनुपर्छ । तर, मेसिन लर्निङ एउटा यस्तो प्रविधि हो जहाँ कम्प्युटरलाई हरेक कुरा सिकाइरहनु पर्दैन । यसले पुराना तथ्याङ्क (Data) र अनुभवहरू हेरेर आफैँ सिक्छ र निर्णय गर्छ ।

**सामाजिक सञ्जालहरूमा एल्गोरिदमको प्रवेश र कार्य प्रणाली**

सामाजिक सञ्जाल समयअनुसार (chronologically) चल्ने गर्दथ्यो अर्थात् सामाजिक सञ्जालमा नजिक रहेको मानिसले हालेको पोस्ट पहिले देखिन्थ्यो । तर, सन् २०१० पछि एल्गोरिदमको प्रवेश भयो । सोपश्चात् यसले डेटाको आधारमा काम गर्न थाल्यो । यसको कार्य प्रणालीहरू यसप्रकार छन् -

१. संलग्नताको गणित (Engagement Metrics):

प्रयोगकर्ताको हरेक क्रियाकलापहरू जस्तै :- क्लिक, लाइक, कमेन्ट र हामीले हेरेको फोटोसमेतको समयको विवरणहरू राख्ने गरिन्छ ।

२. प्रोडेक्टिभ मोडलिङ (Predictive Modelling)

एल्गोरिदमले प्रयोगकर्ताको बानीसमेत अध्ययन गरी त्यसलाई रेकर्ड गरी प्रयोगकर्ताको भविष्यको रुचिको अनुमान गर्दछ । जस्तो :- प्रयोगकर्ता आज राति ८ बजे खानाको भिडियो हेरेको छ भने भोलिपल्ट ठीक ८ बजे उसको Feed खानाको भिडियोहरूबाट भरिन्छ । अनि प्रयोगकर्ताले त्यसलाई अझ बढी रुचिका साथ हेर्न थाल्दछ ।

३. सामग्रीको वर्गीकरण (Content Categorization): कृत्रिम बौद्धिकताले भिडियोको रङ र त्यसमा प्रयोग भएका शब्दसमेतलाई चिनेर सही दर्शकसमक्ष पुऱ्याउँछ । यसले सामाजिक सञ्जालका प्रयोगकर्ताबाट निम्न तथ्याङ्कहरू सङ्कलन गरिरहेको हुन्छ ।

क. प्रयोगकर्ताको व्यवहार- कस्तो भिडियोहरू कति समयसम्म हेरियो, कस्तो भिडियो लाइक गरियो, के-कस्ता सामग्रीहरू (Status, Photo, video,) पोस्ट गरियो, कहिले कुन समयमा के-कस्तो ठाउँमा गइयो ।

ख. सम्बन्धित सामग्री: भिडियो क्याप्सन (Video Caption), ह्यासट्याग (३) आवाज ।

ग. डिभाइस सेटिङ (Device Setting): प्रयोगकर्ताले प्रयोग गर्ने भाषा, देश र सामाजिक सञ्जालको सञ्चालन गर्न प्रयोग गरिएको Device को प्रकार ।

४. प्रोफाइलिङ (Profiling): प्रयोगकर्ताको उमेर, लिङ्ग, राजनीतिक झुकाव र यौनिकतासमेत ।

३ सूचनाको घेराबन्दी (Information Siege): सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई जे देख्छन्/जे देखाइन्छ प्रयोगकर्ताहरूलाई त्यही नै वास्तविक संसारजस्तो लाग्छ ।

**भावनात्मक म्यानुपुलेसन**

एल्गोरिदमले गाह्रो, बौद्धिक तथा असहज प्रश्नहरूलाई पछाडि धकेली सहज सजिलो र सनसनिपूर्ण एवम् भावनात्मक सामग्रीहरूलाई अगाडि सार्ने कार्य गर्छ ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोनः ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

**निर्वाचन कार्यक्रमसम्बन्धी सूचना (अनुसूची १)**

| सि.नं. | विवरण | मिति | समय |
|---|---|---|---|
| १ | मतदाताको पहिलो नामावली प्रकाशन | २०८३/५/२३ गते | १०:०० बजे |
| २ | मतदाता नामावलीउपर दाबी विरोध | २०८३/५/२४ गते | १:०० बजेसम्म |
| ३ | मतदाताको अन्तिम नामावली प्रकाशन | २०८३/५/२५ गते | १०:०० बजे |
| ४ | उम्मेदवारको दर्खास्त | २०८३/५/२८ गते | ३:०० बजेसम्म |
| ५ | उम्मेदवारको पहिलो नामावली प्रकाशन | २०८३/५/२९ गते | १०:०० बजे |
| ६ | उम्मेदवारउपरको दाबी विरोध | २०८३/५/३० गते | १:०० बजेसम्म |
| ७ | दाबी विरोधउपर छानबिन | २०८३/५/३१ गते | |
| ८ | उम्मेदवारी फिर्ता | २०८३/६/४ गते | १:०० बजेसम्म |
| ९ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८३/६/५ गते | ३:०० बजे |

**द्रष्टव्य : थप निर्वाचन प्रक्रिया र अन्य विषयहरुमा आवश्यकताअनुसार निर्वाचन समितिले निर्णयहरू गरी सूचना प्रकाशित गरिनेछ ।**

**प्रकाशित मिति : २०८३/५/२२ गते**

**संयोजक**
**निर्वाचन समिति**
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

मानसिक स्वास्थ्यमा ध्यान दिऔं

❖ मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं,
❖ डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,
❖ परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
❖ पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
❖ योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं,
❖ मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
❖ समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,
❖ आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं।

खुलेर कुरा गरौः मानसिक स्वास्थ्यको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा